# वार्षिक प्रतिवेदन

## २०७७/०७८




**आदिवासी जनजाति आयोग**

पुल्चोक, ललितपुर

# आयोगका पदाधिकारीहरू



माननीय राम बहादुर थापामगर
अध्यक्ष



मा. डा. मीन बहादुर श्रीस
सदस्य



मा. रीना राना
सदस्य



मा. शरण राई
सदस्य



मा. सुर्य बहादुर गुरुङ
सदस्य



राजेन्द्र प्रसाद घिमिरे
सचिव

# आदिवासी जनजाति आयोग
# को

# वार्षिक प्रतिवेदन
## आर्थिक वर्ष २०७७/०७८

## आदिवासी जनजाति आयोग
श्रीमहल, पुल्चोक, ललितपुर
नेपाल
२०७८

## आदिवासी जनजाति आयोगको वार्षिक प्रतिवेदन २०७८

**प्रकाशक**: आदिवासी जनजाति आयोग
श्रीमहल पुल्चोक, ललितपुर, नेपाल

फोन नं : ०१-५५२४७८८

वेभसाईट : www.inc.gov.np

इमेल : inc.gov.np@gmail.com

सर्वाधिकार© आदिवासी जनजाति आयोग



## माननीय अध्यक्षज्यूको
## मन्तव्य

समातामूलक समाज निर्माणको लागि व्यवस्था परिवर्तनको सङ्घर्षमा आदिवसी जनजातिले गरेको त्याग र बलिदानले प्राप्त नेपालको संविधान (२०७२) ले आदिवासी जनजातिको अधिकार संरक्षणको लागि व्यवस्था गरेको आदिवासी जनजाति आयोगको गठन संविधान जारी भएको पाँच वर्षपछि (२०७७ माघ २१ गते) भयो । यो आदिवासी जनजातिको ऐतिहासिक उपलब्धि हो । राज्यका नीति निर्माण र कार्यान्वयन गर्ने निकायमा समानुपातिक प्रतिनिधित्व गराउने राज्यको दायित्व पूर्तिको लागि स्थापित महत्वपूर्ण निकाय आदिवासी जनजाति आयोगको पहिलो प्रतिवेदन सम्माननीय राष्ट्रपति समक्ष बुझाउन पाउँदा अत्यन्तै गर्व लागेको छ ।

आयोग स्थापनाको पृष्ठभूमी सहज थिएन । आदिवासी जनजातिको भाषिक, साँस्कृतिक, धार्मिक सम्पत्तिलाई राज्यले सम्मान र सरक्षण गर्नु र नीति निर्माण र कार्यान्वयनमा समानुपातिक प्रतिनिधित्वको लागि भएको सङ्घर्षको उपलब्धिलाई संवैधानिक व्यवस्था गर्दासम्मको अग्रजको योगदानलाई सम्मान गर्दै आगामी दिनमा आयोगले गर्नुपर्ने काम महत्वपूर्ण भएकोले नेतृत्वलाई चुनौति छ तर देश र समुदायलाई केही दिने अवसर पनि छ ।

संविधान र कानूनद्वारा व्यवस्थित अधिकार आदिवासी जनजातिलाई वोध गराउनु राज्यको दायित्व हो । यसको लागि आयोग मात्रै सक्रिय भएर पुग्दैन, समुदाय, प्रवुद्ध वर्ग र राज्य सँगै हिँड्नु आवश्यक छ । अधिकार संरक्षणको लागि संविधान र कानूनको संशोधन, निर्माण र कार्यान्वयन गर्न समुदाय, विज्ञ रं कर्मचारी संगै हिंड्न जरुरी छ ।

कोभिड-१९ को महामारी र अस्थिर सरकारको असरले आयोगको कार्यक्रमलाई प्रभावित पारेको छ । संविधान अनुरुप आयोगलाई सशक्तीकरण गर्दै समुदाय लक्षित कार्यक्रम अगाडि बढाउन आवश्यक साधन र श्रोतको व्यवस्थापनमा सरकार चुकेको जस्तो देखिएको छ । राज्य सवलीकरणको लागि स्थापित आयोगलाई सरकारले प्रथमिकतामा पार्न नसके समुदायले राज्य व्यवस्था प्रति नै प्रश्न उठाउन सक्छ । यस्तो हुनु राम्रो होइन ।

“बहुजन हिताय, बहुजन सुखाय” को भावना धेरै जनताको हित नै मुलुकको समृद्धि हो । ३५ प्रतिशत भन्दा बढी जनसङ्ख्यामा रहेका समुदायले ”यो देश र राज्य मेरो पनि हो” भन्ने अनुभव नगरे संविधानको मर्म अनुरुप सबै समुदाय मिलेर बन्ने राष्ट्र र राष्ट्रियता बलियो हुन सक्दैन । समुदायको अधिकार संरक्षणविना देश समृद्ध बन्दैन । यसको लागि राज्य र समुदाय सदैव चनाखो हुनु पर्दछ । यो दिशामा आयोग निरन्तर बढी रहने छ ।

आयोग स्थापनादेखि यो प्रतिवेदन तयारी सम्ममा प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्नु हुने र अमूल्य सुझाव दिनु हुने अग्रज, विज्ञ, अभियन्ता, आदिवासी जनजाति महासंघ र आवद्ध जातीय संगठनका प्रतिनिधिहरु, पत्रकारहरु, आयोगका माननीय सदस्य र कर्मचारी तथा सम्बद्ध सवैमा हार्दिक आभार व्यक्त गर्दछु । धन्यवाद ।



**मा. रामबहादुर थापामगर**
**अध्यक्ष**

# विषय सूची


| | | |
|---|---|---|
| परिच्छेद् -१ | परिचय | १ |
| परिच्छेद् -२ | आदिवासी जनजाति समुदायको संक्षिप्त परिचय | ७ |
| परिच्छेद् -३ | हक, हित र अधिकार सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था | १५ |
| परिच्छेद् -४ | आयोगको संगठन संरचना, जनशक्ति तथा भौतिक अवस्था | २२ |
| परिच्छेद् -५ | प्रगति विवरण | २३ |
| परिच्छेद् -६ | आयोगको बैठक | ३० |
| परिच्छेद् -७ | उजुरी तथा गुनासो व्यवस्थापन | ३२ |
| परिच्छेद् -८ | समस्या र चुनौती | ३५ |
| परिच्छेद् -९ | सिफारिस र भावी कार्यदिशा | ३८ |

**अनुसूचीहरु**

| | | |
|---|---|---|
| अनुसूची १ | सूचिकृत आदिवासी जनजाति समुदायको जनसंख्या, मातृभाषा, मुख्य बसोबास क्षेत्र र समूह | ४४ |
| अनुसूची २ | आदिवासी जनजाति समुदायको शैक्षिक अवस्था | ४८ |
| अनुसूची ३ | आयोगको मौजुदा संगठनात्मक संरचना | ५३ |
| अनुसूची ४ | आयोगको प्रस्तावित संगठनात्मक संरचना | ५४ |
| अनुसूची ५ | आयोगको दरबन्दी | ५५ |
| अनुसूची ६ | बार्षिक बजेट तथा खर्चको अवस्था | ५६ |
| अनुसूची ७ | विनियोजित बजेट | ५७ |
| अनुसूची ८ | खर्चको फाँटवारी | ५८ |
| अनुसूची ९ | आ.व. २०७७/०७८ मा भएका अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्यहरु | ६० |
| अनुसूची १० | आयोगको बैठकका महत्वपूर्ण निर्णयहरु | ६१ |
| अनुसूची ११ | परामर्श बैठकको निर्णय | ६८ |
| अनुसूची १२ | 20th United Nations Permanent Forum on Indigenous Issues सम्वन्धी Session मा प्रस्तुत आयोगको Statement | ६९ |

**कार्यक्रमका झलकहरु**

# परिच्छेद् -१
## परिचय

### १ पृष्ठभूमिः

### १.१ ऐतिहासिक तथा सामाजिकः

विश्वको सर्वोच्च शिखर सगरमाथाको काखमा अवस्थित वीर शहिदले औपनिवेसिक शक्तिसँग लडेर स्वतन्त्र र अक्षुण्ण राखेको सार्वभौमसत्ता सम्पन्न देश नेपालका आदिवासी जनजाति भौगोलिक रुपमा हिमाल, पहाड, तराई र भित्रि तराईमा बसोबास गर्दछन् । राष्ट्रिय जनगणना २०६८ अनुसार आदिवासी जनजातिको जनसंख्या ३५.८१ प्रतिशत छ । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन (२०५८) अनुसार ५९ आदिवासी जनजाति सूचीकृत छन् र मिति २०७७।०२।०५ को राजपत्र अनुसार यो संख्या ६० पुगेको छ । २०६८ को तथ्यांकमा नेपालमा बोलिने १२३ भाषा उल्लेख छ तर भाषा आयोग र त्रि.वि.भाषा विज्ञान विभागले १२९ भाषा दावी गरेको छ । यी मध्ये दुईतिहाई भन्दा बढी भाषा आदिवासी जनजातिले बोल्दछन् । भाषा, संस्कृति, धर्म र संस्कारको दृष्टिले समृद्ध आदिवासी जनजाति समुदायको विविधताले नेपाललाई "मानवशास्त्र अध्ययनको प्रयोगशाला" र "सप्तरङ्गी फूलबारी" हो भनिन्छ ।

आदिम कालदेखि समतामूलक समाजको विशेषता भएको आदिवासी जनजाति समुदायलाई पहिलो लिखित कानून मुलुकी ऐन, १९१० ले जात विभाजन गरी विभेद गऱ्यो । त्यस पछिका संविधान र कानूनहरु वैधानिक कानून (२००४), अन्तरिम शासन विधान (२००७), नेपालको संविधान (२०१५), नेपाल अधिराज्यको संविधान (२०१९), नेपाल अधिराज्यको संविधान (२०४७) र मुलकी ऐन, २०२० ले पनि विभेदलाई निरन्तरता दिएपछि आदिवासी जनजातिले विभेदको विरुद्ध संघर्ष गरे । जनताले गरेका हरेक क्रान्ति र आन्दोलन, राणा शासन विरुद्धको (२००७), बहुदलीय व्यवस्था पुनः स्थापना (२०४६) र गणतन्त्र स्थापनाको लागि राजतन्त्र विरुद्धको सशस्त्र युद्ध र जन आन्दोलन (२०६३/६३) मा आदिवासी जनजातिको बलिदानपूर्ण योगदान छ । आन्तरिक लोकतन्त्र र स्वतन्त्रताको लागि जातीय पहिचान, धर्म संस्कृतिको संरक्षण, भाषिक तथा धार्मिक स्वतन्त्रता र समानताको लागि विगतमा आदिवासी जनजातिले गरेको संघर्षको परिणाम आजको समानुपातिक, समावेशी धर्म निरपेक्ष, संघीय लोकतान्त्रिक गणतन्त्र हो ।

व्यवस्था परिवर्तनको आन्दोलनमा सहभागी भएपनि शासन सञ्चालनमा किनाराकृत हुँदा परिवर्तनको फल आदिवासी जनजातिसम्म पुगेन । "चार जात छत्तिस वर्णको साझा फूलबारी" भन्ने "दिव्योपदेश" को भावना विपरित देशलाई एकल भाषा र धर्मको नीतिले ”सागबारी” जस्तो बनायो । पञ्चायती प्रजातन्त्रको "हाम्रो राजा हाम्रो देश, एउटा भाषा एउटा भेष" भन्ने नाराले पहिचानलाई तिरस्कार गऱ्यो । बहुजाति, बहुभाषिक, वहुधार्मिक र बहुसांस्कृतिक देशलाई बहुलदल (नेपाल अधिराज्यको संविधान, २०४७) ले ”हिन्दु अधिराज्यमा” परिणत गऱ्यो । यस्तो व्यवस्थाले आदिवासी जनजातिलाई समृद्धितिर होइन विभेद र असमानतातिर धकेल्यो र यसको विरुद्ध संगठित रुपमा सशस्त्र विद्रोहमा पनि सहभागी हुन वाध्य वनायो । संघर्ष र आन्दोलनले नीति निर्माण र कार्यन्वयनमा समानुपातिक सहभागिता, जातीय स्वशासन, आत्मनिर्णयको अधिकार, संघीयता र स्वायत्तताको माग गऱ्यो । आन्दोलनको माग सम्बोधन गर्न अन्तरिम संविधान (२०६३) ले संविधानसभा (२०६५ र ०७०) मा आदिवासी जनजातिलाई समानुपातिक प्रतिनिधित्व गराई नेपालको संविधान (२०७२) जारी भयो र संविधानले दिएको आदिवासी जनजातिको अधिकार सम्बोधन गर्न शक्तिशाली संवैधानिक निकायको आवश्यकता महशुस भई आदिवासी जनजाति आयोगको व्यवस्था नेपालको संविधान २०७२ को धारा २६१ मा गरिएको हो । संविधान अनुसार संघ, ७ प्रदेश र ७५३ स्थानीय तहले शासन व्यवस्था सञ्चालन गरेका छन् । शासन व्यवस्थामा आदिवासी जनजाति अधिकारको संरक्षण र पहिचान सहित समानुपाति प्रतिनिधित्व गरी समृद्ध नेपाल बनाउने आयोगको मुख्य लक्ष र उद्देश्य हो ।

## १.२. संवैधानिक तथा कानूनीः

नेपालको संविधान (२०७२) ले विभेदरहित समतामूलक समाजको परिकल्पना गरेको छ । संविधानको प्रस्तावनामै ”हामी सर्वभौमसत्ता सम्पन्न नेपाली जनता, स्वतन्त्रता, स्वाधीनता, स्वायत्तता र स्वसासनको अधिकारलाई आत्मसात् गर्दै,.. जनआन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको स्मरणगर्दै एकात्मक राज्यव्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै, बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतालाई आत्मसात् गरी सामाजिक सांस्कृतिक, भाषिक, धार्मिक विभेद अन्त्य गरी सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासनको माध्यमद्वारा शान्ति र समृद्धिको आकाँक्षा पूरा गर्न यो संविधान जारी गर्दछौं” भन्ने उल्लेख गरिएको छ ।

स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात गर्दै बहुजातीय, बहुधार्मिक र बहुसांस्कृतिक विशेषतालाई संविधानले स्वीकारेको छ, जुन यस अघि स्वीकारेको थिएन । राज्यको निर्देशक सिद्धान्तमा स्थानीय स्वायत्तता, शासन व्यवस्थामा समानुपातिक सिद्धान्तलाई आत्मसात गर्ने र धर्म संस्कार लगायत सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी समतामूलक समाजको निर्माण गर्ने राज्यको सामाजिक र सांस्कृतिक उद्देश्य रहेको छ । राज्यको नीति अन्तर्गत सामाजिक र सांस्कृतिक रुपान्तरण गर्न धर्म, प्रथा परम्परा, रिति तथा संस्कारका नाममा हुने विभेद, असमानता, शोषणको अन्त्य, सांस्कृतिक विविधता कायम राख्दै भाषा, लिपी, संस्कृति, साहित्य, कला र सम्पदाको संरक्षण र विकास गर्ने र बहुभाषिक नीति अबलम्बन गर्ने व्यवस्था गरी आदिवासी जनजातिको भाषा, लिपी र सँस्कृतिको संरक्षण र प्रवर्द्धन गर्नुपर्ने जिम्मेवारी राज्यले लिएको छ । अबको राज्य समावेशी समानुपातिक हुने छ । राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान र कानून बमोजिम सामाजिक सांस्कृतिक आरक्षण वा आर्थिक विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्ने र पहिचानको संरक्षण गर्ने व्यवस्था छ । पहिचान सहित बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर र लाभको विशेष व्यवस्था, सरोकार राख्ने निर्णयमा सहभागिता परम्परागत ज्ञान, सीप, संस्कृति र अनुभवलाई संरक्षण र संवर्द्धनको व्यवस्था छ । नीति निर्माणको तह प्रतिनिधिसभाको गठनमा समानुपातिक निर्वाचन प्रणाली बमोजिम दलले उम्मेदवारी दिदा आदिवासी जनजाति समेतबाट बन्द सूचीको आधारमा प्रतिनिधित्व गराउने व्यवस्था छ ।

संवैधानिक अधिकार कार्यान्वयन नगरे समुदायले प्रतिफल पाउन सक्दैन । संविधानको कार्यान्वयन सम्बन्धित कानूनको निर्माण र कार्यान्वयन हो । राज्य र समुदायको सहयोगमा कानून कार्यान्वयन गराउने जिम्मेवारी आयोगको हो । हक अधिकार संरक्षणको लागि संविधान अनुसार ऐनको तर्जुमा भएको छ । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ र आदिवासी जनजाति आयोग ऐन २०७४ आदिवासी जनजातिकै लागि तर्जुमा गरिएको कानून हो । अन्य कानूनमा पनि आदिवासी जनजातिका हक अधिकार संरक्षणको व्यवस्था छ । राजनैतिक दल सम्बन्धि ऐन २०७३, निर्वाचन आयोग ऐन २०७३, स्थानीय निर्वाचन ऐन २०७३, राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन २०७५ अमूर्त र अपुग देखिन्छ । राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन-२०७५ मा प्रत्येक प्रदेशबाट हुने ८/८ जना सदस्यको निर्वाचनमा आदिवासी जनजातिको प्रतिनिधित्वको व्यवस्था छैन । राष्ट्रिय सभा स्थायी र सबैको प्रतिनिधित्व हुने भएकोले यो “समावेशी सभा” हो । यस्तो

महत्वपूर्ण सभामा आदिवासी जनजातिको प्रतिनिधित्व अनिवार्य गर्न ऐन संसोधनको खाँचो छ । राजनीतिक दल सम्बन्धी ऐन २०७३ को दफा ५(१) च मा कम्तीमा २१ सदस्यीय केन्द्रीय समितिमा आदिवासी जनजातिको प्रतिनिधित्व बारे मौन छ । निर्वाचन ऐन ०७३ मा स्पष्ट व्यवस्था नहुँदा दलबाट आदिवासी जनजातिको प्रतिनिधित्व हुन नसक्ने अवस्था छ । निर्वाचन ऐन २०७३ मा अल्पसंख्यक भन्ने उल्लेख भएपनि आदिवासी जनजाति अल्पसंख्यकको बारे मौन छ । जिल्ला समन्वय समितिमा महिला, दलित र अल्पसंख्यकलाई प्रतिनिधित्व गराउने भने पनि आदिवासी जनजातिको व्यवस्था नभएकोले प्रतिनिधित्वको लागि ऐन संशोधन आवश्यक छ ।

### १.३. अन्तर्राष्ट्रिय सन्धि सम्झौता र घोषणाः

आदिवासी जनजातिका अधिकार सम्वद्ध अन्तर्राष्ट्रिय श्रम सम्बन्धी महासन्धि (ILO) नं. १६९, आदिवासी जनजातिको अधिकार सम्बन्धि संयुक्त राष्ट्रसंघीय घोषणा पत्र र जैवीक विविधता सम्बन्धी महासन्धिलाई सरकारले अनुमोदन गरिसकेकोले कार्यान्वयनको लागि आवश्यक कानून र कार्य योजना (Action Plan) तर्जुमाको जरुरी छ ।

आदिवासी जनजाति समुदायले चाहेको र संघर्ष र वलिदानले मागेका अधिकारको व्यवस्था वर्तमान अवस्थामा अपुग भए पनि आगामी दिनमा संविधान र कानूनले दिएको अधिकारलाई उपभोग र संरक्षण एवं संवर्ध्दन गर्दै बाँकी उपलव्धिको लागि निरन्तर अगाडि वढ्नु जरुरी छ । यसको लागि आयोगको साथ सदैव आदिवासी जनजाति समुदायलाई रहने छ ।

## २. आयोगको गठन प्रक्रिया

नेपालको संविधानको धारा २६१ मा आदिवासी जनजाति आयोगको व्यवस्था छ । आयोगमा अध्यक्ष र चार जना सम्म सदस्य रहने व्यवस्था छ । अध्यक्ष र सदस्यको नियुक्ति राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा र पदावधि ६ वर्षको हुने व्यवस्था छ । आदिवासी जनजाति समुदायको हक हितको संरक्षण, संवर्द्धन तथा सशक्तीकरण वा मानव अधिकार वा कानूनको क्षेत्रमा कम्तिमा दश वर्ष योगदान गरेको, मान्यता प्राप्त विश्वविद्यालयवाट स्नातक उपाधि हासिल गरेको र नियुक्ति हुदाको वखत कुनै राजनीतिक दलको सदस्य नरहेको व्यक्ति अध्यक्ष र सदस्यको लागि योग्य हुनेछ ।

## ३. आयोगको उद्देश्य

आदिवासी जनजाति समुदायको गौरवमय ईतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र संवर्द्धन तथा उनीहरूको सशक्तीकरण गर्नु आयोगको मुख्य उद्देश्य हो ।

## ४. आयोगको काम, कर्तव्य र अधिकार

आदिवासी जनजाति आयोग ऐन, २०७४ अनुसार आयोगको मुख्य काम, कर्तव्य र अधिकार निम्नानुसार छः

१. आदिवासी जनजाति समुदायको सम्वन्धमा भएका नीतिगत तथा कानूनी व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन भए नभएको अध्ययन अनुसन्धान गरी चाल्नु पर्ने कदमका विषयमा सरकारलाई सुझाव दिने ।

२. आदिवासी जनजाति समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन र मूल्याङ्कन गर्दै सरकारलाई दिएका सुझाव तथा सिफारिसहरूको कार्यान्वयनका सम्वन्धमा अनुगमन गर्ने गराउने ।

३. भाषा, लिपि, इतिहास, संस्कृति, परम्परा, साहित्य र कलाको अध्ययन अनुसन्धान गरी संरक्षण एवं विकासका कार्यक्रम तर्जुमा सहित नेपाल सरकारलाई सिफारिस गर्नुका साथै परम्परागत सीप, प्रविधि र विशिष्ट ज्ञानको संरक्षण र प्रवर्द्धन गरी व्यवसायिक प्रयोगमा ल्याउन सहयोग गर्ने ।

४. आदिवासी जनजाति समुदायको उद्गमस्थलको खोज अनुसन्धान गरी पुरातात्विक एवं ऐतिहासिक संरचना, वस्तु र स्थलहरूको संरक्षण तथा संवर्द्धन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने ।

५. आदिवासी जनजाति समुदायको पहिचानका सम्वन्धमा विस्तृत अध्ययन अनुसन्धान गर्ने ।

६. आदिवासी जनजाति समुदायको भौतिक तथा अभौतिक संस्कृति संरक्षण र संवर्द्धनका निम्ति जीवित संग्राहलयको स्थापना एवं परिचालनको सम्वन्धमा नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयका लागि नेपाल सरकारलाई सिफारिस गर्ने ।

७. आदिवासी जनजाति समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने र सरकार र अन्य संघ संस्थाहरूले सञ्चालन गरेका कार्यक्रमहरूको समीक्षा, अनुगमन र मूल्याङ्कन गर्ने ।

८. समूदाय प्रति भएका सबै प्रकारका शोषणको अन्त्य गर्न सशक्तीकरणका कार्यक्रमहरू तर्जुमा गरी सरकारलाई सिफारिस गर्ने ।

९. आर्थिक वा सामाजिक रुपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तीकरणका लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने ।

१०. आदिवासी जनजाति समुदायको अधिकार उल्लंघन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी संकलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने ।

११. आदिवासी जनजाति समुदायको सम्वन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयनका लागि सरकारलाई सिफारिस गर्ने वा सुझाव दिने ।

आयोगले आफ्नो काम कारवाहीको सम्वन्धमा आवश्यकताअनुसार अन्य संवैधानिक निकाय, सरकारी कार्यालय वा सार्वजनिक संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्न, राय परामर्श लिन, विशेषज्ञ सेवा लिन र समिति वा कार्यदल गठन गर्न सक्ने पनि व्यवस्था छ ।

***

# परिच्छेद् -२

## आदिवासी जनजाति समुदायको संक्षिप्त परिचय

### २.१ परिभाषाः

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८, को दफा २ (क) अनुसार आदिवासी जनजाति भन्नाले "आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको अनुसूची बमोजिमको जाति वा समुदाय सम्झनु पर्छ।" यो परिभाषाले मातृभाषा, परम्परागत रीतिरिवाज, संस्कृति, सामाजिक संरचना र इतिहासलाई आदिवासी जनजाति पहिचानको मुख्य आधार मानेको छ । भाषा एउटा महत्वपूर्ण आधार भए पनि अन्य चार आधारहरूको अभावमा छुट्टै आदिवासी जनजातिको पहिचान कायम हुन सक्दैन । भाषा अभिव्यक्तिको माध्यम भएकाले बसाइसराइ, रोजगारी, अन्य भाषिक समूहहरूसँगको सम्पर्क, आधुनिक सञ्चार माध्यमहरूको प्रभाव आदि कारणबाट मातृभाषामा रुपान्तरण तथा भाषिक भेदहरू देखापर्ने हुन्छ । कालान्तरमा एउटै भाषामा देखापरेका भाषिक भेदहरूले छुट्टै भाषाको रुप ग्रहण गर्दछ । यिनै प्रक्रियाबाट मगर जातिमा तीनवटा मातृभाषाको विकास भएको पाइन्छ ।

आदिवासी जनजाति पहिचानको अर्को महत्वपूर्ण आधार परम्परागत रिति रिवाज हो । प्रत्येक जाति वा समुदायको भिन्नभिन्न परम्परागत प्रथा, चालचलन एवं नीति नियमहरू प्रचलनमा रहेका छन् । हरेक जाति वा समुदायको संस्कृतिमा पनि भिन्नताहरू छन् । परापूर्वकालदेखि समाजमा चल्दै आएका आचार व्यवहार तथा लोकाचारको एउटा निश्चित मान्यता नै संस्कार भएकाले त्यसलाई सामाजिक मूल्य र मान्यताको रुपमा स्वेच्छाले पालना हुँदै आएको हुन्छ । संस्कार कुनै पनि जाति वा समुदायको विशिष्ट पहिचान हो । संस्कार मानव जीवन शैलीको एउटा महत्वपूर्ण पक्ष हो भने जीवन शैलीहरूको समग्रता नै संस्कृति हो । जन्द देखि मृत्युसम्मका सबै मानवीय व्यवहारहरू वा संस्कारहरू आ–आफ्नै संस्कृति अनुसार सञ्चालित हुन्छन् । मानव जीवनका जन्म, विवाह र मृत्यु जस्ता प्रमुख घटनाको केन्द्रियतामा विशिष्ट खालका पद्धति, रितिथिति, विश्वास र मान्यताको विकास भएका हुन्छन् । आदिवासी जनजाति पहिचानको अर्को महत्वपूर्ण आधार सामाजिक संरचना हो । वैयक्तिक र सैद्धान्तिक चेतनाबाट सामाजिक संरचनाको निर्माण हुन्छ । राजनीति, कानून, धर्म र दर्शन सामाजिक संरचनाका महत्वपूर्ण पाटो हुन् । हरेक जाति वा समुदायको सामाजिक संरचना

अनुसार व्यक्ति, परिवार, नातेदार, पेशा, परम्परागत संस्था आदि सामाजिक सम्बन्धको विकास भएको हुन्छ । वंशज, वैवाहिक, मित्रता तथा मानवताका आधारमा सामाजिक मूल्य मान्यताअनुसार आपसी सम्बन्ध स्थापित भएका हुन्छन् । कुनै पनि जाति वा समुदायको पहिचानको अर्को आधार भनेको उनीहरूको मौखिक वा लिखित इतिहास हो । अधिकांश आदिवासी जनजातिका ऐतिहासिक पक्षहरू मौखिक परम्पराबाट पुस्तान्तरण हुँदै आएको पाइन्छ । पुख्यौली उत्पत्ति तथा बसाइसराइको इतिहास वा राज्य र युद्धको इतिहास उनीहरूको लोकनाट्य गीति गाथाहरू र लोककथाहरूमा बाँचिरहेको पाइन्छ ।

## २.२ सूचीकरण र जनसंख्याः

वि.सं. २०५२ पुस ३० गते प्रा. सन्तबहादुर गुरुङको संयोजकत्वमा गठित जनजाति उत्थान प्रतिष्ठान कार्यदलले राष्ट्रिय जनगणना २०४८ मा उल्लेख भएका २६ जनजाति र उल्लेख नभएका ३५ गरी जम्मा ६१ जनजाति रहेको प्रतिवेदन सरकारलाई सिफारिस गरेअनुसार वि.सं. २०५४।०१।०२ मा सरकारले ६१ जनजातिको सूचीकरण गरेको थियो । आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ ले राष्ट्रिय जनजाति विकास समिति गठन आदेश २०५४ द्वारा सूचीकृत ६१ जनजाति मध्ये चिमतन्, ठिनतन् र स्यांगतन्लाई मिलाएर तीनगाउँले थकाली नामाकरण तथा मनाङेलाई हटाएर याख्खा थप गरी जम्मा ५९ कायम गरेको देखिन्छ । सूचीकृत ५९ मध्ये छैरोतन र फ्रि समुदाय सम्पर्कमा नआएको तथा खोज अध्ययन गर्दा पनि पत्ता नलागेको अवस्था रहेको छ । सूचीकरण गर्ने क्रममा छैरोतन मुस्ताङमा तथा फ्री ललितपुर, काभ्रेपलाञ्चोक, मकवानपुर र सिन्धुपाल्चोकमा बसोबास गर्ने जनजाति समुदाय भनी उल्लेख गरिएको देखिन्छ (भट्टचन, २०५७: १५ र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, २०७५: ३–५) ।

## २.३ भाषाः

राष्ट्रिय जनगणना २०६८ मा सूचीकृति ५९ आदिवासी जनजाति मध्ये ४७ समुदायको मात्र जनसंख्या उल्लेख गरिएको छ भने वनकरिया, सुरेल, सियार, थुदाम, फ्री, मुगाल, लार्के, छैरोतन, ताङ्वे, तीनगाउँले थकाली, बाह्रगाउँले र मार्फाली थकालीको जनसंख्या उल्लेख गरिएको छैन । राष्ट्रिय जनगणना २०६८ ले सूचीकृत ५९ मध्ये ४७ आदिवासी जनजातिहरूको जनसंख्या ९,३६८,१७८ उल्लेख गरेको छ भने सूचीकृत आदिवासी जनजातिभित्रका केही भाषिक समूहलाई जातजाति

शीर्षकमा १,१८,२३६ र जनजाति अन्य शीर्षकमा १,२२८ जनसंख्या उल्लेख गरेको देखिन्छ । राष्ट्रिय जनगणना २०६८ अनुसार आदिवासी जनजातिको कुल जनसंख्या ९,४८७,६४२ (३५.८१%) रहेको छ (C.D.S.A., 2014: 6-7)।

राष्ट्रिय जनगणना २०५८ ले नेपालमा बोलिने ९२ भन्दा बढी भाषा मध्ये ७० भन्दा बढी भाषाहरू आदिवासी जनजाति समुदायसँग सम्बन्धित रहेको उल्लेख गरेको छ । राष्ट्रिय जनगणना २०६८ ले १२३ भाषा पहिचान गरेको छ । भाषा आयोगले थप पहिचान भएका ६ भाषाको जनगणना २०७८ मा सत्यापन गरिनु पर्ने सिफारिस गरेको छ (यादव, भद्रा र पराजुली, २०६१ः १५ र भाषा आयोग, २०७६ः ७६) । सूचीकृत मध्ये छैरोतन, ताङ्वे, थुदाम, तीनगाउँले थकाली, बाह्रगाउँले थकाली, मार्फाली थकाली, मुगाली, लार्के, सियार, फ्री, वनकरिया र सुरेल गरी १२ जातिको मातृभाषा बारे राष्ट्रिय जनगणना २०६८ मा उल्लेख गरिएको छैन । ४७ आदिवासी जनजातिको मातृभाषा उल्लेख गरिएको छ। मगर जातिमा मगर ढुट, मगर खाम/पाङ, मगर काइके तथा राई जातिमा बान्तवा, चाम्लिङ, नाछिरिङ, मेवाहाङ, साम्पाङ, याम्फू, लोहोरुङ, आठपहरिया, बाम्बुले/उम्बुले, कोयु, पुमा, जेरुङ, चाक्वा, तिलुङ, दुमी, पोल्माचा, दुङमाली, वाहिङ, छिन्ताङ, लाम्विछोड, मुमाली, बेल्हारे, फाङ, दुवाली, कुलुङ, थुलुङ, छुलुङ, खालिङ आदि भाषा प्रचलनमा रहेकोछ । आदिवासी जनजाति समुदायमा बोलिने मातृभाषाहरूलाई वक्ता संख्याको आधारमा सुरक्षित, सुरक्षितप्रायः, लोपोन्मुख, अत्यन्त लोपोन्मुख, मृतप्रायः र अवस्था थाहा नभएको शिर्षकमा वर्गिकरण गरिएको छ । थारु र तामाङ भाषालाई सुरक्षित भाषा तथा नेवार, मगरढुट, वान्तवा (राई भाषा समूह), गुरुङ, लिम्बू, राजवंशी र शेर्पा भाषालाई सुरक्षितप्रायः मा वर्गिकरण गरिएको छ । लोपोन्मुख समूहमा सन्थाली, चेपाङ, दनुवार, उराँव (झाँगड), मगरखाम/ पाङ, सुनुवार, माझी, थामी, धिमाल, याक्खा, भुजेल, दराई, ताजपुरिया तथा राई भाषा समूहका चाम्लिङ, कुलुङ, थुलुङ, साङ्पाङ्, खालिङ, बाम्बुले/ उम्बुले, वाहिङ र नाछिरिङ भाषालाई राखिएको छ । अत्यन्त लोपोन्मुख भाषा समूहमा कुमाल, थकाली, छन्त्याल, जिरेल, ह्योल्मो, दुरा, मेचे (वोडो), गनगाई, पहरी, लेप्चा, बोटे, राजी, हायु, व्यासी, डोल्पो, वालुङ, ल्होपा तथा राई भाषा समूहका याम्फू, दुमी, पुमा, दुङ्माली, आठपहरिया, मेवाहाङ, लोहोरुङ, छिन्ताङ, छुलुङ, जेरुङ, तिलुङ र कोयु भाषा राखिएको छ । मृतप्रायः भाषा समूहमा मगरकाइके, राउटे, किसान, बरामु, कुसुण्डा, ल्होमी, कोचे, सुरेल तथा राई भाषा समूहको फाङ्दुवाली भाषालाई राखिएको छ । अवस्था

थाहा नभएको भाषा समूहमा सियार, थुदाम, तोप्केगोला, लार्के, मुगाली, ताङ्वे तथा राई भाषा समूहको लाम्बिछोड, बेल्हारे आदि भाषा राखिएको छ ।

## २.४. बसोवास र वर्गीकरणः

बसोबासका हिसाबले हिमाली क्षेत्रमा १८, पहाडी क्षेत्रमा २४, भित्रितराई क्षेत्रमा ६ र तराई क्षेत्रमा १२ आदिवासी जनजातिहरू रहेको देखिन्छ । सामान्यतया शेर्पा, थकाली लगायतका हिमाली क्षेत्रमा तथा थारु समुदाय तराई क्षेत्रमा र राई, लिम्बु, सुनुवार आदि पूर्वी नेपालमा बसोबास गरेको पाइन्छ । तर मगर र गुरुङको मुख्य बसोबास क्षेत्र गण्डकी र लुम्बिनी प्रदेश भए पनि नेपालभर छरिएर बसोबास गरेको देखिन्छ । खासगरी मगर जातिको बसोबास ७७ वटै जिल्लामा रहेको छ । मानवीय विकास सूचाकाङ्क २०५८ को साक्षरता दर, पक्की घर, भूमिको स्वामित्व, व्यवसाय, भाषा, जनसंख्या तथा स्नातक तह वा सोभन्दा माथिको शैक्षिक स्थितिको आधारमा सूचीकृत ५९ आदिवासी जनजातिहरूलाई लोपोन्मुख, अति सिमान्तकृत, सिमान्तकृत, सुविधा वञ्चित र उन्नत समूहमा वर्गिकरण गरिएको छ । किसान, कुसुन्डा, कुशवाडिया, वनकरिया, मेचे, राउटे, राजी, लेप्चा, सुरेल र हायू गरी १० आदिवासी जनजाति समुदायलाई लोपोन्मुख समूहमा राखिएको छ । यो समूहको कुल जनसंख्या २१,२८४ (०.०८%) र मातृभाषा वक्ताको संख्या १९,१७५ (०.१५%) रहेको छ । चेपाङ, झाँगड, थामी, थुदाम, दनुवार, धानुक, बराम, बोटे, माझी, सतार, सियार र ल्होमी गरी १२ आदिवासी जनजाति समुदायलाई अति सिमान्तकृत समूहमा वर्गिकृत गरिएको छ । यो समूहको जनसंख्या ५९४,०३० (२.२%) तथा मातृभाषी वक्ता संख्या २३५,१०८ (२.०%) रहेको छ । कुमाल, गनगाई, डोल्पो, ताजपुरिया, तामाङ, तोप्केगोला, थारु, दराई, दुरा, धिमाल, पहरी, भुजेल, भोटे, मुगाली, राजवंशी, लार्के, वालुङ, सुनुवार, ल्होपा र फ्री गरी २० आदिवासी जनजाति समुदायलाई सिमान्तकृत समूहमा वर्गिकरण गरिएको छ । यो समूहको कुल जनसंख्या ३,८२९,२९७ (१४.५%) र मातृभाषा वक्ता संख्या ३,१४२,११४ (२६.६%) रहेको छ । गुरुङ, छन्त्याल, छैरोतन, जिरेल, तीनगाउँले थकाली, ताङवे, बाह्रगाउँले, व्यासी, मगर, मार्फाली थकाली, याख्खा, राई, लिम्बू, शेर्पा र ह्योल्मो गरी १५ आदिवासी जनजाति समुदायलाई सुविधा वञ्चित समूहमा राखिएको छ। यो समूहको कुल जनसंख्या ३,५८७,१९१ (१३.५%) र मातृभाषा वक्ता संख्या १,७७१,०२५ (१५.०%) रहेको छ । नेवार र थकाली जातिलाई उन्नत समूह (अबसरमा पहुँच भएका) मा

वर्गिकरण गरिएको छ । यो समूहको जनसंख्या १,३३५,१४८ (५.०%) र मातृभाषा वक्ता संख्या ८५१,७९९ (७.२%) रहेको छ (C.B.S. 2002 ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, २०७५) । सूचीकृत आदिवासी जनजाति समुदायको जनसंख्या, मातृभाषा, मुख्य बसोबास क्षेत्र र समूह अनुसूची १ मा दिइएको छ ।

## २.५. शैक्षिक अवस्थाः

राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको साक्षरता दर ६५.९ प्रतिशत छ । आदिवासी जनजाति समुदायमा थकालीको साक्षरता दर ८०.४८ प्रतिशत र उच्चशिक्षा दर ६.९५ प्रतिशत तथा नेवारको साक्षरता दर ८०.०७ प्रतिशत र उच्चशिक्षा दर ९.८८ प्रतिशत छ । त्यसपछि दुरा, लेप्चा, लिम्बू, गुरुङ, राई, छन्त्याल, मगर र दराईको साक्षरता दर क्रमशः ७६.९१, ७५.७०, ७४.६९, ७४.३६, ७४.३३, ७२.७२, ७१.०९ र ७१.०२ प्रतिशत छ । उच्चाशिक्षा दरमा लेप्चाको ३.३५, गुरुङको २.४७, राईको २.३०, लिम्बूको २.११, दुराको २.०५, छन्त्यालको १.४, मगरको १.३४ र दराईको ०.७५ प्रतिशत छ । धिमाल, मेचे, भुजेल, राजवंशी, याक्खा, जिरेल, सुनुवार, शेर्पा, बराम र तामाङ जातिको साक्षरता दर राष्ट्रिय साक्षरता दरसँग मिल्दो देखिन्छ । आदिवासी जनजातिमा डोल्पोको साक्षरता दर सबैभन्दा तल २८.३५ प्रतिशत मात्र रहेको छ । राउटे, ल्होपा, चेपाङ, धानुक (राजवशी), सतार र झाँगड (उराँव) को साक्षरता दर ४० देखि ५० प्रतिशतको हाराहारीमा रहेको छ । आदिवासी जनजाति समुदायको शैक्षिक अवस्था अनुसूची २ मा दिइएको छ ।

## २.६ राज्य व्यवस्थामा आदिवासी जनजातिको प्रतिनिधित्वः

नेपालको संविधान (२०७२) ले नेपाललाई समावेशी लोकतान्त्रिक गणतन्त्रात्मक राज्य मानेको छ । संविधानतः राज्यशक्ति वाडँफाँडको रुपमा संघ, प्रदेश र स्थानीय तह गरी पूनरसरचना गरिएको छ । केन्द्रमा संघीय ब्यबस्थापिका, प्रदेशमा प्रदेश सभा र स्थानीय तहमा गाँउ सभा र नगर सभा रहने ब्यबस्था अनुरुप केन्द्रमा प्रतिनिधि सभा र राष्ट्रिय सभा रहेको द्विसदनात्मक ब्यबस्थापिका, प्रदेशमा प्रदेश सभा र स्थानीय स्तरमा २९३ नगर र ४६० गाँउ गरी जम्मा ७५३ पालिका सभा रहने ब्यबस्था छ । राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट आठ जनाका दरले सम्बन्धित स्थानीय तहका

प्रमुख र उपप्रमुख र सम्बन्धित प्रदेश सभाका सदस्य रहेको निर्वाचन मण्डलद्वारा निर्वाचित ५६ जना र एकजना महिला सहित ३ जना मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिद्वारा मनोनित गरी ५९ सदस्यीय राष्ट्रिय सभा रहेको छ । बहुमतीय निर्वाचन प्रणाली अनुसार जनताद्वारा प्रत्यक्ष निर्वाचित १६५ र ११० जना समानुपातिक मतप्रणाली अनुसार निर्वाचित गरी जम्मा २७५ सदस्यीय प्रतिनिधि सभा रहने व्यवस्था छ । ७५३ स्थानीय तहमा वालिग मताधिकारको आधारमा बहुमतीय प्रणाली अनुसार प्रत्यक्ष निर्वाचित जनप्रतिनिधिहरु रहन्छन् । प्राग्ऐतिहासिक कालदेखि नेपाल एकिकरण पूर्ब सम्म स्वशासनको अभ्यास गर्दै आई रहेका आदिवासी जनजातिहरु एकिकरण पश्चात विविध कारणले राज्य ब्यबस्थाको मूल प्रवाहबाट बहिर्गमित हुन पुगेका हुन् । बर्तमान संघीय ब्यबस्थाको ब्यबस्थापिकीय तहमा आदिवासी जनजाति समुदायको उपस्थिति देहाय बमोजिम रहेको छ ।

**<u>राष्ट्रिय सभा</u>**

| निर्वाचित | मनोनित | जम्मा सदस्य | आ. ज. प्रतिनिधि | आ. ज. प्रतिशत |
|---|---|---|---|---|
| ५६ | ०३ | ५९ | ०८ | १३.५५ |

**<u>प्रतिनिधि सभा</u>**

| प्रत्यक्ष निर्वाचित | समानुपातिक | जम्मा | आ.ज. प्रति प्रत्यक्ष | आ.ज. प्रति समानुपातिक | जम्मा | आ.ज. प्रति |
|---|---|---|---|---|---|---|
| १६५ | ११० | २७५ | ३९ | ३२ | ७१ | २५.८१ |

**<u>प्रदेश सभा</u>**

| प्रत्यक्ष. नि | समानुपातिक | जम्मा | आ. ज. प्रत्यक्ष | आ. ज. समानु. | जम्मा | आ. प्रतिशत |
|---|---|---|---|---|---|---|
| ३३० | २२० | ५५० | ८३ | ६९ | १५२ | २८.२५ |

**<u>स्थानीय तह (पालिकाहरु)</u>**

| प्रमुख/अध्यक्ष | उप.प्र./उपाध्यक्ष | जम्मा | आ.प्र./अ. | आ.प.प्र./उपाध्यक्ष | जम्मा | आ.प्रतिशत |
|---|---|---|---|---|---|---|
| ७५३ | ७५३ | १५०६ | २६४ | २६९ | ५३३ | ३५.५५ |

श्रोतः निर्वाचन परिणाम पुस्तिका २०७४

## जिल्ला समन्वय समिति

७७ जिल्लाको जिल्ला समन्वय समितिमा कुल ६९३ जना जनप्रतिनिधि रहेका छन्, यी मध्ये आदिवासी जनजाति समूदायको प्रतिनिधित्व २०७ जना (२९.८७५ प्रतिशत) रहेको छ ।

राष्ट्रिय जनगणना २०६८ का अनुसार नेपालको कुल २,६४,९४,५०४ जनसंख्यामा आदिवासी समुदायको जनसंख्या ३५.८१ प्रतिशत छ । संविधानको प्रस्तावनामा सबै प्रकारका विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ । संविधानको धारा ४२ (१) अनुसार आर्थिक सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका आदिवासी जनजातिलाई पनि समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ भनी स्पष्ट गरिएको छ ।

संविधानको धारा १७५ अनुसार प्रदेश स्तरमा एक सदनात्मक प्रदेश व्यवस्थापिकाको रुपमा प्रदेश सभा रहने व्यवस्था छ । सिंगो देश ७ प्रदेशमा पुनर्संरचित गरिएको हुनाले प्रत्येक प्रदेशमा १/१ गरी जम्मा सात प्रदेश सभा रहेका छन् । धारा १७६ को उपधारा १ र २ को ब्यबस्था अनुसार प्रदेश सभामा सम्बन्धित प्रदेश बाट प्रतिनिधि सभामा बहुमतीय निर्वाचन प्रणालीद्वारा निर्वाचित हुने सदस्यको दोब्बर संख्यामा हुन आउने सदस्य संख्यालाई ६० प्रतिशत मानी बाँकी ४० प्रतिशतमा समानुपातिक निर्वाचन प्रणालीद्वारा निर्वाचित सदस्यहरु रहन्छन् भने १७६ को उपधारा ६ अनुसार समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभाको निर्वाचनका लागि राजनितिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व हुने व्यवस्था संघीय कानून बमोजिम हुनेछ भनि उल्लेख गरिएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यबस्थाका प्रत्याभूति गराउने उद्देश्य अनुरुप संविधानको भाग १८, मा स्थानीय तहको व्यवस्था गरेको छ, जस अनुसार मूलुकमा २९३ नगरपालिका र ४६० गाँउपालिका गरी जम्मा ७५३ पालिकाहरु रहेका छन् ।

उपर्युक्त सवैधानिक व्यवस्था र सो बमोजिम सम्पन्न निर्वाचन २०७४ को निर्वाचन परिणामको आधारमा विश्लेषण गर्दा राष्ट्रिय सभामा हाल विद्यमान मनोनित र निर्वाचित कुल ५९ सदस्य रहेकोमा

आदिवासी जनजाति समुदायका जम्मा ८ सदस्य (१३.५५ प्रतिशत) मात्र छ । प्रतिनिधि सभामा प्रत्यक्ष निर्वाचित १६५ र समानुपातिक प्रणालीव्दारा निर्वाचित ११० गरी जम्मा २७५ सदस्यहरुमा आदिवासी जनजाति समुदायका प्रत्यक्ष तर्फ ३९ र समानुपातिक तर्फ ३२ गरी जम्मा ७१ सदस्य (२५.८१ प्रतिशत) मात्र प्रतिनिधित्व देखिन्छ । प्रदेश स्तरमा प्रदेश सभाको नतिजा विश्लेषण गर्दा सात प्रदेश सभाको प्रत्यक्ष निर्वाचित ३३० र समानुपातिक प्रणालीद्वारा निर्वाचित २२० गरी जम्मा ५५० प्रदेश सभा सदस्य मध्ये प्रत्यक्ष तर्फ ८३ र समानुपातिक तर्फ ६९ गरी जम्मा १५२ प्रदेश सभा सदस्यहरु मात्र आदिवासी जनजाति समुदायका पर्दछन, जुन २८.२५ प्रतिशत प्रतिनिधित्व हो । स्थानीय तहमा २९३ नगर र ४६० गाउँपालिकाको प्रमुख र उपप्रमुख तथा अध्यक्ष र उपाध्यक्ष गरी कुल ७५३ प्रमुख र ७५३ उपप्रमुख गरी जम्मा १५०६ स्थानमा आदिवासी जनजाति समुदायका २६४ प्रमुख र २६९ उपप्रमुख गरी जम्मा ५३३ जनप्रतिनिधिहरु निर्वाचित भएका छन, जुन ३५.५५ प्रतिशत हो ।

तीनै तहका कानून निर्माण गर्ने राज्य ब्यबस्थाको ब्यबस्थापिकीय स्वरुपको निर्वाचन परिणाम विश्लेषण गर्दा राज्य व्यवस्थामा जनजाति समुदायको उपस्थिति संविधानले गरेको संवैधानिक व्यवस्था अनुसार आदिवासी जनजातिको जनसंख्याको अनुपातमा प्रतिनिधित्व पुग्न सकेको छैन । करीब ३६ प्रतिशत राष्ट्रिय जनसंख्या ओगटेको आदिवासी समुदायको प्रतिनिधित्व राष्ट्रिय सभामा १३.५५ प्रतिशत, प्रतिनिधि सभामा २५.८१ प्रतिशत, प्रदेश सभामा २८.२५ प्रतिशत र स्थानीय तहमा ३५.५५ प्रतिशत मात्र रहनुले आदिवासी जनजाति समुदायलाई राज्यको मूलधारमा ल्याउन चुनौति देखिन्छ । राज्यको प्रमुख दायित्व आदिवासी जनजाति समुदायलाई मूल प्रवाहमा समाहित गरी विकास र समतामूलक समाज निर्माणलाई प्रथामिकता राखेर सम्मुन्नत नेपाल बनाउन सबै जात जातिको समान पहुँच बनाउन राज्य व्यवस्थामा आदिवासी जनजाति समुदायको जनसंख्याको अनुपातमा जातीय प्रतिनिधित्वको सुनिश्चितता गर्न आवश्यक छ ।

***

# परिच्छेद् -३
## हक, हित र अधिकार सम्बन्धी संबैधानिक तथा कानूनी व्यवस्था

### ३.१ संबैधानिक व्यवस्थाः

आदिवासी जनजातिहरुको हक, हित र अधिकारको सम्बन्धमा संविधानले गरेका मुख्य मुख्य व्यवस्थाहरुः

- **प्रस्तावनाः**

  बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रबर्द्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सवै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चत गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको ।

- धारा ६. राष्ट्रभाषाः नेपालमा बोलिने सबै मातृभाषाहरु राष्ट्रभाषा हुन् ।
- धारा ७. सरकारी कामकाजको भाषाः

  (२) नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानून बमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्नेछ ।

- धारा १८. (३ ) समानताको हकः

  राज्यले नागरिकहरुका बीच उत्पत्ति, धर्म, बर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, बैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन ।

  तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, अल्पसंख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, जेष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, असशक्त वा असहाय पिछडिएको क्षेत्र र आर्थिक रुपले विपन्न खस

आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।

❖ धारा २६. धार्मिक स्वतन्त्रताको हकः

(१)धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अबलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुनेछ, (२) प्रत्येक धार्मिक सम्प्रदायलाई धार्मिक स्थल तथा धार्मिक गुठी सञ्चालन र संरक्षण गर्ने हक हुनेछ ।

❖ धारा २९. शोषण विरुद्धकोः

(१) प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ ।

(२ धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाईने छैन ।

❖ धारा ३१. शिक्षा सम्बन्धी हकः

(५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विध्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

❖ धारा ३२. भाषा तथा संस्कृतिको हकः

(१) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुनेछ, (२) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुनेछ, (३) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्द्धन र संरक्षण गर्ने हक हुनेछ ।

❖ धारा ४२. सामाजिक न्यायको हकः

(१)आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरुपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ ।

❖ धारा ५१. (ज) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिः

(८) आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरुमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्द्धन गर्ने ।

❖ धारा ८४. प्रतिनिधि सभाको गठनः

(२) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानून बमोजिम हुनेछ । त्यसरी उम्मेदवारी दिंदा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनु पर्नेछ ।

❖ धारा ८६. राष्ट्रिय सभाको गठन र सदस्यहरुको पदावधिः

(२) राष्ट्रिय सभामा देहायका उनान्साठी सदस्य रहने छनः-

(क) प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा संघीय कानून बमोजिम प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतको भार फरक फरक हुने गरी प्रत्येक प्रदेशबाट कम्तिमा तीन जना महिला, एक जना दलित र एक जना अपांगता भएका व्यक्ति वा अल्पसंख्यक सहित आठ जना गरी निर्वाचित छपन्न जना,

❖ धारा १७६. प्रदेश सभाको गठनः

(६) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानून बमोजिम हुनेछ । त्यसरी उम्मेदवारी दिंदा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिनु पर्नेछ ।

❖ धारा २६१. आदिवासी जनजाति आयोगः

(१) नेपालमा एक आदिवासी जनजाति आयोग रहनेछ जसमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहनेछन् ।

❖ धारा २६७. नेपाली सेना सम्बन्धी व्यवस्थाः

(३) नेपाली सेनामा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारु, मुस्लिम, पिछडा वर्ग तथा पिछडिएको क्षेत्रका नागरिकको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा संघीय कानून बमोजिम सुनिश्चित गरिनेछ ।

❖ धारा २६९. राजनीतिक दलको गठन, दर्ता र सञ्चालनः

४.(ग) दलको विभिन्न तहको कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिविम्वित गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको हुनु पर्छ ।

❖ धारा २९५. संघीय आयोगको गठनः

(३) ...गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या र सीमाना निर्धारण गर्नका लागि नेपाल सरकारले एक आयोग गठन गर्नेछ । त्यस्तो आयोगले गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या र सीमानाको निर्धारण नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम गर्नु पर्नेछ ।

## ३.२ कानूनी व्यवस्थाः

❖ आदिवासी जनजाति आयोग ऐन, २०७४

नेपालको संविधानले आदिवासी जनजाति आयोग रहने व्यवस्था बमोजिम आदिवासी जनजाति आयोग सम्वन्धी विधेयक ब्यवस्थापिका संसदवाट पारित भई आदिवासी जनजाति आयोग ऐन, २०७४ कार्यान्वयनको क्रममा रहेको छ । ऐनको प्रस्तावनामा आदिवासी जनजाति समुदायको गौरवमय इतिहास र संस्कृतिको पहिचान, हकहितको संरक्षण र संवर्द्धन तथा आदिवासी जनजाति समूदायको सशक्तीकरण गर्ने जस्ता महत्वपूर्ण विषयहरू समेटिएका छन् ।

- आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८

  आदिवासी जनजातिको परिभाषा र नेपालका विभिन्न आदिवासी जनजातिहरु सामाजिक, आर्थिक तथा सांस्कृतिक विकास र उत्थान एवं राष्ट्रिय विकासको मूल प्रवाहमा समान सहभागताको लागि आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले यो ऐन बनाईएको भनी ऐनको प्रस्तावनामा उल्लेख गरिएको छ । उक्त ऐन २०५८ सालमा जारी भई ऐनकै प्रावधान बमोजिम आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान गठन गरिएको छ ।

- निजामती सेवा ऐन, २०४९

  निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा ७ मा निजामती सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैतालिस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी आदिवासी जनजातिका लागि सत्ताइस प्रतिशत आरक्षण गरिने प्रावधान छ ।

- बैदेशिक रोजगार ऐन, २०६३

  दफा ९(१) वैदेशिक रोजगारमा जाने महिला, दलित, आदिवासी जनजाति, उत्पीडित, दैवीप्रकोप पीडित तथा दुर्गम क्षेत्रका व्यक्तिलाई नेपाल सरकारले विशेष सुविधा प्रदान गर्न सक्नेछ ।

  (२) वैदेशिक रोजगारमा कामदार पठाउदा संस्थाले नेपाल सरकारद्वारा तोके बमोजिमको संख्यामा महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्रका व्यक्तिलाई आरक्षण प्रदान गर्नुपर्नेछ ।

- लोकसेवा आयोग ऐन, २०६६

  दफा ३५(३) उपदफा (१) वा (२) बमोजिम अन्तर्वार्ता समिति गठन गर्दा समावेशी सहभागिता सुनिश्चित गरिनेछ । स्पष्टिकरणः यस उपदफाको प्रयोजनका लागि अन्तर्वार्ता समितिमा महिला, आदिवासी जनजाति, मधेशी, दलित, पिछडिएको क्षेत्रका व्यक्तिमध्ये कम्तिमा एकजना सदस्य रहेमा समावेशी सहभागिता सुनिश्चित भएको मानिनेछ ।

- खाद्य अधिकार तथा खाद्य सम्प्रभूता सम्बन्धी ऐन, २०७५

  दफा १८- लक्षित कृषि विकास कार्यक्रम सञ्चालनः(१) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले दलित, लोपोन्मुख, आदिवासी किसान वा भूमिहिन किसानको हकहितको संरक्षणका लागि लक्षित कृषि विकास कार्यक्रम बनाई लागु गर्नेछ ।

उल्लेखित कानूनी व्यवस्थाहरु बाहेक अन्य सरकारी सेवा तथा पेशागत विशिष्टिकृत कानूनहरुमा आदिवासी जनजातिहरुको हक हित र अधिकार संरक्षण तथा सवर्द्धनका लागि प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा व्यवस्था गरिएका छन् ।

## ३.३ अन्तर्राष्ट्रिय सन्धि, सम्झौताहरु तथा घोषणापत्रः

- अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ (International Labour Organization Convention No 169)

  आदिवासी जनजातिका सवालहरुलाई अन्तर्राष्ट्रिय श्रम संगठनले सन् १९२० को दशक देखि नै उठाउदै आएको छ । यस महासन्धिलाई नेपालले २२ अगष्ट २००७ मा अनुमोदन गरिसकेको छ । यस महासन्धिलाई अनुमोदन गर्ने देशहरुले विकास प्रक्रियामा आदिवासी जनजातिहरुको सहभागिता सुनिश्चित गर्ने, उनीहरुको अधिकारको रक्षा गर्ने जिम्मेवारी लिने र उनीहरुको अधिकार हनन् भएको अवस्थामा अधिकारको रक्षा गर्न कानूनी उपाय अपनाउने, आदिवासी जनजातिहरुले पहिला देखि बसोबास र भोग गर्दै आएको आदिम भूमि माथि उनीहरुकै स्वामित्व हुने कुरालाई राज्यले मान्यता दिने जस्ता विषयहरु उल्लेख गरिएका छन् । आदिवासी जनजातिको भूमि वा क्षेत्रमा पाइने प्राकृतिक सम्पत्ति वा श्रोतहरुमा उनीहरुको नै अधिकार हुने भएकोले आदिवासी जनजातिको अधिकारको रक्षा गर्न सरकारले कानूनी तथा संस्थागत उपाय अवलम्बन गर्ने, आदिवासी जनजातिहरुको सहभागितामा उनीहरुबाटै सञ्चालन हुने गरी शिक्षा हासिल गर्ने वातावरण राज्यले तयार गर्ने लगायतका आदिवासी जनजातिका अधिकारहरु यस महासन्धिले व्यवस्था गरेको छ ।

- संयुक्त राष्ट्रसंघीय आदिवासी जनजातिको अधिकार सम्बन्धी घोषणा-पत्र (United Nation Declaration Right of Idigenous Peoples-UNDPRIP)

आदिवासी जनजातिहको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (UNDRIP) आदिवासी जनजातिको अधिकार संरक्षण तथा संबर्द्धन गर्ने अर्को महत्वपूर्ण अन्तर्राष्ट्रिय दस्तावेज हो । घोषणापत्रले आदिवासी जनजातिहरु माथि हुने सबै खाले भेदभावबाट मुक्त हुनुपर्ने, सहअस्तित्व, पारस्पारिक लाभ र पूर्ण सम्मानको भावना अनुरुप आदवासी जनजातिको राज्यसँग आफ्नो सम्बन्ध स्वतन्त्रपूर्वक निर्धारण गर्न पाउने अधिकार जस्ता विषयहरु प्रस्तावनामा उल्लेख गरिएको छ । उक्त घोषणापत्रमा आदिवासी जनजातिको उत्पत्ति र पहिचानसँग सम्बन्धित अधिकारहरु उपभोग गर्न पाउने, आदिवासी जनजातिलाई आत्म निर्णयको अधिकार, स्वायत्त शासन वा स्वराज्यको अधिकार, पृथक पहिचानको रक्षा, आफ्नो भूमि वा भौगोलिक क्षेत्रबाट हटाउन नपाउने, सांस्कृतिक र धार्मिक स्थलको रक्षा गर्न पाउने अधिकार, आफ्नै भाषामा सञ्चार गर्न पाउने अधिकार जस्ता आदिवासी जनजातिका अधिकारका प्रावधानहरु उल्लेख गरिएको छ । यस घोषणापत्रको नेपाल पक्ष राष्ट्र भईसकेको छ ।

अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ र संयुक्त राष्ट्रसंघीय आदिवासी जनजातिको अधिकार सम्बन्धी घोषणा-पत्र (UNDRIP) लाई एक आपसमा परिपूरक प्रावधानको रुपमा हेरिन्छ । यस महासन्धि र घोषणापत्रले मुख्यगरी आदिवासी जनजातिहरुलाई मानवअधिकारहरु सहित आफ्नो स्वःपहिचान, भूमि र पुर्ख्यौली थलो, संस्कृति, सामुहिक अधिकार, जनताको हैसियतमा प्राप्त हुने आत्मनिर्णयको अधिकार, शिक्षा, स्वास्थ्य, रोजगारी लगायत सबै सेवाहरुमा समान अवसर प्राप्त गर्ने अधिकार, आफ्नो भाषामा सूचना, शिक्षा र न्याय पाउने अधिकारका साथै परामर्श र सहभागिता तथा स्वतन्त्र, पूर्वक सुसुचित सहमतिको अधिकार लगायतका अधिकारहरुको सुनिश्चित गर्नुका साथै आदिवासी जनजातिको राजनैतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको रक्षाको निम्ति राज्यलाई निर्देशित गरेको छ ।

* * *

# परिच्छेद् -४

## आयोगको संगठन संरचना, जनशक्ति तथा भौतिक अबस्था

### ४.१ संगठनात्मक संरचनाः

नेपालको संविधानको धारा २६१ र आदिवासी जनजाति आयोग ऐन, २०७४ बमोजिम आदिवासी जनजाति आयोगमा माननीय अध्यक्षज्यू र चार जना माननीय सदस्यज्यूहरु रहनुभएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७/०९/०८ को पत्रबाट आयोगको संगठन संरचना र दरबन्दी तेरिज परिमार्जन सहित स्वीकृत भई प्राप्त भए अनुसार राजपत्रांकित प्रथम श्रेणीको कर्मचारी सचिव हुने गरी जम्मा १३ जनाको दरबन्दी रहेको छ । आयोगको वर्तमान संगठनात्मक संरचना र प्रस्तावित संगठनात्मक संरचना अनुसूची ३ र ४ मा राखिएको छ ।

### ४.२ जनशक्तिः

आयोगको स्वीकृत दरबन्दी अनुसूची ५ मा दिइएको छ ।

### ४.३ भौतिक अवस्थाः

यस आयोगको कार्यालय श्रीमहल, पुल्चोकमा अवस्थित छ । आयोगको हालसम्म आफ्नै भवन छैन । सस्पेन्सन बृज डिभिजन कार्यालय रहेको भवनको तल्लो तलामा यस आयोगको कार्यालय रहेको छ । आयोगमा ९ वटा चार चक्के सवारी साधन रहेको छ, जसमध्ये एउटा चालु अवस्थामा छैन भने आठ वटा चालु अवस्थामा रहेका छन् । त्यसैगरी, आयोगमा ४ वटा चालु अवस्थामा रहेको र २ वटा चालु अवस्थामा नरहेको गरी जम्मा ६ वटा मोटरसाइकल र ३ वटा स्कुटर छन् ।

* * *

# परिच्छेद् -५
## प्रगति विवरण

### ५.१ आर्थिक बर्ष २०७७/०७८ को वित्तीय विवरणः

आयोगको विनियोजित कूल वार्षिक बजेट रु.३,१५,००,०००/- रहेको थियो । जसमध्ये चालु तर्फ रु.२,९१,००,०००/- र पूँजीगत तर्फ रु. २४,००,०००/- विनियोजन भएको छ । विनियोजित बजेट मध्ये चालु तर्फ रु. १,९४,७३,९६८/- खर्च भएको छ भने पूँजीगत तर्फ रु.२०,५४,१०५/- रकम खर्च भएको छ । आयोगको बार्षिक बजेट तथा खर्चको अवस्था अनुसूची ६ मा प्रस्तुत गरिएको छ भने विनियोजित बजेट र खर्चको फाँटवारी अनुसूची ७ र ८ मा उल्लेख गरिएको छ ।

### ५.२ आ.व. २०७७/०७८ मा सम्पन्न भएका मुख्य कार्यक्रमहरुको विवरणः

### ५.२.१ अन्तर्क्रिया तथा छलफलः

आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७ (छ) मा आदिवासी जनजाति समुदाय भित्र आर्थिक वा सामाजिक रूपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तीकरणको लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने, (झ) मा समुदायको हक हितको संरक्षण र सम्वर्द्धन गरी उनीहरुको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने र (ञ) मा सबै प्रकारको शोषणको अन्त्य गर्ने र आदिवासी जनजाति समुदायको सशक्तीकरणको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने आयोगको काम कर्तव्य र अधिकारको व्यवस्थाहरु उल्लेख गरिएका छन् । उल्लेखित व्यवस्थाहरुको कार्यान्वयनका लागि आयोगले केन्द्रीय तथा प्रदेशस्तरीय अन्तर्क्रिया तथा छलफल कार्यक्रमको आयोजना गरी आदिवासी जनजाति सम्बद्ध संघ संस्थाहरु तथा लक्षित समुदायहरुसँग अन्तर्क्रिया गरी उनीहरुको समस्या बारे जानकारी लिने र आयोगले निभाउनु पर्ने भूमिकाको बारेमा सुझावहरु संकलन गर्ने कार्य गरेको छ । आ.व.२०७७/७८ मा आयोगबाट भएका अन्तर्क्रिया तथा छलफल र यी कार्यक्रमको उपलब्धि निम्नानुसार छः

- ❖ मिति २०७७/१०/२५ मा ललितपुरको धोविघाटमा आदिवासी जनजाति समुदाय सम्बद्ध संघ संगठनका प्रमुख/ प्रतिनिधिहरु एवं सरोकारवालाहरुबीच आयोगको परिचय, कार्यक्षेत्र र भावी

योजना विषयक एक दिवसिय कार्यक्रम संचालन गरिएको थियो । यस कार्यक्रममा सहभागीहरुलाई आयोगको परिचय, काम कर्तव्य र अधिकारको बारेमा सुसुचित गराईएको थियो भने आदिवासी जनजाति संघ संगठनका प्रमुख/ प्रतिनिधिहरु एवं सरोकारवालाहरुबाट आयोगको आगामी कार्यक्रमका बारेमा सुझाव प्राप्त भयो ।

- मिति २०७७/११/२२ मा ललितपुरको कुपण्डोलस्थित होटल ग्रिनवीचमा संवैधानिक निकायका पदाधिकारिहरुज्यूहरु, विश्वविधालयका प्रा.डा.ज्यूहरु, विषय विशेषज्ञहरु र सरोकारवाला संगठनका प्रमुख/ प्रतिनिधिज्यूहरुसंग आयोगको मौजुदा दरवन्दी तथा भावी नीति तथा कार्यक्रमका सम्बन्धमा छलफल तथा अन्तर्क्रिया भयो । यस कार्यक्रममा आयोगको मौजुदा दरबन्दी र संगठन संरचनाका विषयमा छलफल तथा अन्तर्क्रिया गरी आयोगको कार्यक्षेत्र एवं कार्यवोझको विश्लेषण गरी आयोगका लागि आवश्यक दरबन्दी र संगठन संरचनाको खाका तयार गरिएको थियो ।
- मिति २०७७/१२/१८ मा प्रदेश नं. १ को धरानमा प्रदेश नं. १ का आदिवासी जनजाति समुदाय सम्बद्ध संघ संगठनका प्रमुख/ प्रतिनिधिहरु एवं सरोकारवालाहरुको सहभागितामा आदिवासी जनजातिहरुको हक हित संरक्षण तथा आयोगको कार्यक्षेत्र र भावी योजना विषयमा एक अन्तर्क्रिया कार्यक्रमको आयोजना गरिएको थियो । प्रदेश नं. १ का माननीय मुख्यमन्त्रीज्यूको प्रमुख आतिथ्यता तथा आयोगका माननीय अध्यक्षको अध्यक्षतामा संचालित यस कार्यक्रममा सभामुख, प्रदेश सरकारका मन्त्रीहरु, सांसदहरु, जनप्रतिनिधिहरु, आदिवासी जनजाति संगठन तथा समुदायका प्रतिनिधिहरुको उपस्थिति थियो । कार्यक्रममा सहभागीहरुलाई आयोगको परिचय तथा कार्यक्षेत्रको बारेमा जानकारी गराउनुका साथै प्रदेशमा आदिवासी जनजातिहरुको समस्याहरु, आर्थिक, सामाजिक तथा विकासात्मक गतिविधिहरुमा प्रदेशका आदिवासी जनजातिहरुको सहभागिता, हक हितको रक्षा, आवश्यक स्रोत साधन लगायतका विषयमा अन्तर्क्रिया भयो ।
- मिति २०७८/०१/१५ मा लुम्बिनी प्रदेशको बुटवलमा लुम्विनी प्रदेशका आदिवासी जनजाति सम्वन्धी सरोकारवाला संघ सस्थाका प्रतिनिधि, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका उपाध्यक्ष तथा आदिवासी जनजातिका क्षेत्रमा काम गरी रहेका ब्यक्तिहरुसंग आदिवासी जनजातिको अवस्था र भावी योजना सम्वन्धमा प्रदेशस्तरीय छलफल कार्यक्रम सम्पन्न गरियो । स्थानीय तहका जनप्रतिनिधिहरू र आदिवासी जनजाति महासंघ जिल्ला समन्वय परिषद्का

प्रतिनिधिहरूलाई आयोगका वारेमा संक्षिप्त जानकारी गराउनुका साथै स्थानीय तहका जनप्रतिनिधिहरूले आदिवासी जनजाति लक्षित कार्यक्रमहरू समावेश गर्दा सहयोग पुग्ने कानूनी तथा संवैधानिक व्यवस्थाका वारेमा प्रष्ट पारियो । कार्यक्रममा आदिवासी जनजाति महासंघ र त्यस अन्तर्गतका जातीय संघसंस्थाहरूका पदाधिकारी/ प्रतिनिधिहरूले आदिवासी जनजाति लक्षित कार्यक्रमहरू कार्यान्वयन गराउनमा स्थानीय तहसँगको समन्वयको आवश्यकता र महत्वको विषयमा छलफल भयो । छलफल तथा अन्तर्क्रिय कार्यक्रमबाट लुम्बिनी प्रदेशका जनप्रनिधिहरू र आदिवासी जनजाति संघ-सस्थाका पदाधिकारी एवं अभियन्ताहरू वीच सहकार्य र समन्वय गर्ने वातावरण निर्माण भयो ।

- मिति २०७८/०२/३० देखि २०७८/०३/०८ सम्म आदिवासी जनजातिको हक हित र अधिकार संरक्षण तथा संबर्द्धनका लागि स्थानीय तहको नीतिगत तथा कार्यक्रमगत भूमिका विषयमा स्थानीय तहका प्रमुख/उपप्रमुखहरु, अध्यक्ष/उपाध्यक्षहरु, प्रमुख प्रशाकीय अधिकृतहरु, आदिवासी जनजातिका स्थानीय तथा प्रदेशस्तरका संघ संगठनका प्रतिनिधिहरुसंग भर्चुअल माध्यमबाट अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरियो । कार्यक्रमबाट आदिवासी जनजातिको हक हित र अधिकार संरक्षण तथा सम्बर्द्धनका लागि स्थानीय तहको मौजुदा नीति तथा कार्यक्रमको विषयमा जानकारी लिईएको थियो भने स्थानीय तहले आ.व.२०७८/०७९ को वार्षिक बजेट निर्माण गर्दा आदिवासी जनजातिको हक, हित र अधिकार संरक्षण तथा संबर्द्धनका लागि विशेष व्यवस्था गर्न अनुरोध गरियो । अन्तर्क्रिया कार्यक्रममा स्थानीय तथा प्रदेशस्तरी आदिवासी जनजाति समुदायका संघ संस्थाका प्रतिनिधिहरुबाट संघ प्रदेश सरकार र स्थानीय तहबाट आदिवासी जनजातिको हक, हित र अधिकारका विषयमा नीतिगत तथा कार्यक्रमगत व्यवस्था गर्नुपर्ने र सोको लागि आयोगले विशेष पहल गर्न सुझाव प्राप्त भयो ।

- २०७८/०३/११ देखि १४ गते सम्म काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेलमा आदिवासी जनजातिहरुको अमूर्त कला संस्कृतिहरु संरक्षण तथा त्यस्ता सम्पदालाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने, आदिवासी जनजाति आयोगको पञ्चवर्षीय योजना निर्माण आयोगबाट अध्ययन तथा अनुसन्धान गराइएका प्रतिवेदन माथि छलफल गर्ने उद्देश्यले एक कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । कार्यक्रममा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका विज्ञज्यूहरु,

विश्व विद्यालयका प्रा.डा.ज्यूहरु, UNICEF का प्रतिनिधिज्यूहरु र अन्य विषय विशेषज्ञहरुको सहभागिता रह्यो ।

कार्यशाला गोष्ठीमा आदिवासी जनजाति आयोगको पञ्चवर्षीय योजना निर्माण अध्ययनको प्रारम्भिक प्रतिवेदन र आयोगबाट अध्ययन तथा अनुसन्धान गराइएका विभिन्न विषयहरुको अध्ययनको प्रतिवेदन माथि छलफल गरी सुझाव संकलन गरियो । गोष्ठीमा आदिवासी जनजातिहरुको अमूर्त कला संस्कृतिहरु संरक्षण तथा त्यस्ता संस्कृतिहरुलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने विषयमा विषय विज्ञबाट प्रस्तुतीकरण गरिएको थियो भने सो सम्बन्धमा प्राप्त सुझाव संकलन गरियो।

### ५.२.२ अनुगमन सम्बन्धी कार्यहरु

**आ.व.२०७७/०७८ मा सम्पन्न अनुगमन सम्बन्धी मुख्य मुख्य कार्यहरु निम्नानुसार रहेका छन ।**

- ❖ २०७७ साल चैत्र १८ गते आयोगका माननीय अध्यक्षज्यूको नेतृत्वमा जनजाति सम्वन्धी जीवित संग्राहल निर्माणका लागि आवश्यक सम्भाव्य जमिन प्राप्तिका लागि चन्द्रागिरी नगरपालिका दहचोकको स्थलगत अध्ययन भयो । सो अध्ययनका क्रममा लाफा ग्रुप लिमिटेडको महत्वपूर्ण सहयोग रहयो ।
- ❖ मिति २०७७/१२/१९ गते आयोगका माननीय अध्यक्षज्यूको नेतृत्वमा धार्मिक, ऐतिहासिक एवं पुरातात्विक महत्वको धनकुटा, भोजपुर र उदयपुर जिल्लाको सिमाना हुदै बग्ने सप्तकोशी नदिस्थित खुवालुङको स्थलगत अध्ययन तथा अनुगमन भएको थियो । अनुगमनमा माननीय सदस्य शरण राई, माननीय सदस्य रीना राना, आयोगका सचिव राजेन्द्र प्रसाद घिमिरे र स्थनीय आदिवासी जनजाति समुदायका अगुवाहरुको सहभागिता रह्यो ।
- ❖ मिति २०७८/०१/१५ देखि २१ गते सम्म माननीय सदस्य शरण राईज्यूको नेतृत्वमा इलाम, पाँचथर, ताप्लेजुङ र तेह्रथुम जिल्लामा जनगणना सम्बन्धी प्रचार प्रसार कार्यको अनुगमन भयो । अनुगमनका क्रममा स्थानीय तहका प्रमुख/ अध्यक्ष तथा पदाधिकारीहरु, आदिवासी जनजाति समुदाय सम्बद्ध संघ संगठनका प्रमुख/ प्रतिनिधिहरु एवं

सरोकारवालाहरुसंग जनगणनामा आदिवासी जनजातिको वास्तविक तथ्यांक उपलब्ध गराउने क्रममा आउन सक्ने समस्या र उपयुक्त निकासका सम्वन्धमा छलफल गरियो ।

- मिति २०७८/०२/३० देखि २०७८/३/४ गते सम्म आयोगका माननीय सदस्य रीना रानाज्यूको संयोजकत्वमा सुर्खेत जिल्लामा बसोबास गरिरहेका राउटे समुदायका किशोरीहरु माथि भएको यौन दुर्व्यवहारको विषयमा सुर्खेत जिल्लाको गुर्भाकोट नगरपालिका वडा नं. ९ स्थित राउटे बस्तीको स्थलगत अनुगमन/ अध्ययन भयो । अनुगमनको क्रममा जिल्ला प्रशासन कार्यालय, सुर्खेतमा राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीज्यू, सुर्खेत जिल्लाका प्रमुख जिल्ला अधिकारीज्यू, विरेन्द्रनगर उपहमहानगरपालिकाका उपप्रमुख र अन्य जनप्रतिनिधहरु, राउटे प्रतिष्ठानका अध्यक्ष, राउटे मुखिया, पीडित युवतीहरु र सोकेस र आवाज संस्थाका प्रतिनिधहरुसँग भेटघाट तथा छलफल भयो ।
- मिति २०७८/०३/०६ देखि ७ गते सम्म आयोगका माननीय सदस्य शरण राईज्यूको नेतृत्वमा सिन्धुपाल्चोक जिल्लाको हेलम्बु र मेलम्ची क्षेत्रमा बाढीले पुऱ्याएको क्षतिको निरिक्षण तथा अनुगमन गरियो । अनुगमनमा सांसदज्यूहरु, स्थानीय तहका प्रमुख/ अध्यक्ष एवं पदाधिकारीज्यूहरु, आदिवासी जनजाति समुदाय सम्बद्ध संघ संगठनका प्रमुख/ प्रतिनिधिहरुसंग तत्काल राहत र पुनस्थापनाका सम्बन्धमा छलफल गरियो ।
- मिति २०७८/०३/२५ देखि ३० गते सम्म उदयपुरको वेलका नगरपालिकाको कोशी उकासको जग्गा र सो जग्गामा बसोबास गर्ने आदिवासी जनजाति लगायतका स्थानीय वासिन्दाहरु संलग्न विवादित क्षेत्र र रौतहटको चन्द्रपुर नगरपालिका २ स्थित विवादित दनुवार वस्तीको अनुगमन कार्य सम्पन्न गरियो । आयोगका माननीय अध्यक्ष राम बहादुर थापामगरज्यूको नेतृत्वमा गएको माननीय सदस्य शरण राईज्यू र माननीय सदस्य सुर्यवहादुर गुरुङ सहितको टोलीले स्थानीय तहका जनप्रतिनिधि, राजनीतिक दल, आदिवासी जनजाति संघसंस्थाका प्रतिनिधिहरु र पीडित समुदायसंग छलफल तथा अन्तर्किया गरेको थियो ।

### ५.२.३ अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्यहरुः

आदिवासी जनजाति ऐन २०७४ को दफा ७ (क), (घ) र (ङ) सँग सम्बन्धित आदिवासी जनजाति समुदायको सम्वन्धमा भएका नीतिगत तथा कानूनी व्यवस्था प्रभावकारी रुपमा

कार्यान्वयन भए नभएको विषयमा अध्ययन अनुसन्धान गरी चाल्नु पर्ने कदम तथा गरिनु पर्ने सुधारका विषयमा नेपाल सरकारलाई सुझाव दिने, उक्त दफा (ञ) सँग सम्वन्धित आदिवासी जनजाति समुदायको भाषा, लिपि, इतिहास, संस्कृति, परम्परा, साहित्य र कलाको अध्ययन अनुसन्धान गरी संरक्षण एवं विकासका कार्यक्रम तर्जुमा सहित नेपाल सरकारलाई सिफारिस गर्ने, उक्त दफा(ठ) सँग सम्बन्धित आदिवासी जनजाति समुदायको सम्वन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनका लागि आवश्यक सिफारिस गर्ने वा सुझाव दिने, उक्त दफा(ण) सँग सम्बन्धित आदिवासी जनजाति समुदायको भौतिक तथा अभौतिक संस्कृति संरक्षण र सम्बर्द्धनका निम्ति जीवित संग्राहलयको स्थापना एवं परिचालनको सम्वन्धमा नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयका लागि नेपाल सरकारलाई सिफारिस गर्ने र उक्त दफा(त) सँग सम्बन्धित आदिवासी जनजाति समुदायको उद्गमस्थलको खोज अनुसन्धान गरी पुरातात्विक एवं ऐतिहासिक संरचना, वस्तु र स्थलहरूको संरक्षण तथा सम्बर्द्धन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने व्यवस्थालाई आधार बनाएर विभिन्न शीर्षकहरूमा अध्ययन/ अनुसन्धान गर्ने/गराउने कार्य सम्पन्न गरियो । यस आ.व. मा भए/गरेका अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्यहरु अनुसूची ९ मा दिइएको छ ।

## ५.३. नेपाल सरकारका तीनै तहबाट सम्मन्न आदिवासी जनजाति लक्षित नीति तथा कार्यक्रमहरुः

आदिबासी जनजाति आयोग ऐन २०७४ को दफा ७ को उपदफा (ङ) र (थ) अनुसार आदिवासी जनजाति समुदायसंग सम्वन्धित नीति तथा कार्यक्रम र आदिवासी जातजातिको हकहितको संरक्षण, सम्वर्द्धन र सशक्तीकरणका लागि नेपाल सरकार र अन्य संघ संस्थाहरुले संचालन गरेका कार्यक्रमहरुको कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था छ । सोही बमोजिम आयोगले विभिन्न स्थानीय तह, प्रदेश र संघबाट सञ्चालन गरिएका कार्यक्रमहरु र नीतिगत व्यवस्था समेतको अनुगमन गर्ने कार्य गरेको थियो ।

कोभिड १९ का कारण कतिपय अनुगमन भौतिकरुपमा हुन सकेन । स्थलगत अनुगमनको सीमालाई मनन् गरी मुलुकभरका सबै स्थानीय तहहरुका प्रमुख तथा उपप्रमुखज्यूहरु, अध्यक्ष तथा उपाध्यक्षज्यूहरु प्रमुख प्रशासकीय अधिकृत प्रदेश तथा स्थानीयस्तरका आदिवासी

जनजाति सम्बध्द संघसंस्थाका प्रमुख एवं प्रतिनिधिसँग भर्चुअल माध्यमबाट बैठक सञ्चालन गरी तत् तत् स्थानीय तहको आदिवासी जनजातिसँग सम्बन्धित आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रमको बारेमा जानकारी लिने र सबै स्थानीय तहलाई आ.व. २०७८/०७९ को बार्षिक योजना र बजेट निर्माण प्रक्रियामा आदिवासी जनजातिहरुको सहभागिता सुनिश्चचित गर्न र आदिवासी जनजाति लक्षित कार्यक्रम तर्जुमा गर्न अनुरोध गर्ने कार्य भयो । सो विषयमा सबै प्रदेशका माननीय मुख्यमन्त्रीज्यूहरु तथा माननीय मन्त्रीज्यूहरु एवं स्थानीय तहका प्रमुखज्यू अध्यक्षज्यूहरुलाई संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत आदवासी जनजाति लक्षित योजना तथा कार्यक्रम तर्जुमा गर्न र आदिवासी जनजातिको सहभागिता सुचिश्चत गर्न पत्राचार गरिएको थियो । उक्त विषयमा आयोगले पत्रकार सम्मेलन समेत गरी सञ्चार माध्यम मार्फत संघ, प्रदेश र सबै स्थानीय तहलाई आग्रह गऱ्यो ।

संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन भएका आदिवासी जनजाति लक्षित कार्यक्रमको उद्देश्य, वजेट, कार्यक्रम र अपेक्षित उपलव्धि सहितको विवरण संकलन गर्ने कार्य भईरहेको छ र सोही अनुसार कार्यक्रमहरुको अनुगमन गर्ने कार्य हुने गरेको छ । मिति २०७८ भदौ मसान्त भित्र आयोगमा प्राप्त विवरणलाई नमुनाका रुपमा विश्लेषण गर्दा आर्थिक वर्ष २०७७/०७८ मा संघ, प्रदेश र स्थानीय तहहरुमा आदिवासी जनजाति लक्षित कार्यक्रमहरु तर्जुमा गर्ने र कार्यान्वयन गर्ने प्रयास भएको देखिन्छ । तथापि, वस्तुगत सूचक सहित आदिवासी जनजाति लक्षित प्रत्यक्ष बजेट तथा कार्यक्रम तर्जुमा गर्ने कार्यले अपेक्षित प्राथमिकता पाउन सकेको यसका लागि आयोगका सशक्त र सक्रिय अनुगमन आवश्यक देखिएको छ ।

***

# परिच्छेद् -६
## आयोगको बैठक

### ६.१. आयोगको बैठकका महत्वपूर्ण निर्णयहरुः

नेपाल सरकारले आदिवासी जनजाति आयोगको स्थापना मिति २०७५/०७/२३ गते गरे पनि आयोगले २०७७/१०/२१ गते पदाधिकारीहरु पायो । पदाधिकारीको वहाली पाश्चात आयोगले आफ्नो काम कारवाही सुचारुरुपमा संचालन गर्नका निम्ति विभिन्न मितिमा बैठक बसी विभिन्न निर्णयहरु गरेको छ । आयोगको बैठकका महत्वपूर्ण निर्णयहरु अनुसूची १० मा दिइएको छ ।

### ६.२ परामर्श बैठकः

आदिवासी जनजाति आयोगले आयोगको काम कर्तव्य र अधिकारका विषयमा केन्द्रित रही अध्ययन तथा अनुसन्धान गर्नुपर्ने विषयका सन्दर्भमा छलफल तथा सुझाव संकलन गर्ने उदेश्यले सम्बन्धित विज्ञ तथा विशेषज्ञहरु, विश्व विधालयका प्राध्यापकहरु र आदिवासी जनजाति समुदायको विभिन्न विषयमा अध्ययन गर्नु भएका अध्येयताहरुसंग परामर्श लिइएको थियो । उक्त परामर्श बैठकको निर्णयहरु अनुसूची ११ मा दिइएको छ ।

### ६.३ कर्मचारी बैठकः

आयोगमा नियमित कर्मचारी बैठक बस्ने, कर्मचारीका गुनासो, समस्याहरु सुन्ने र सम्बोधन गर्ने व्यवस्था गरिएको छ । आबश्यकतानुसार मा. अध्यक्षज्यू र सदस्यज्यूहरुको विशेष आतिथ्यतामा पनि बैठक बस्ने गरिएको छ ।

### ६.४ अन्य बैठकमा सहभागिताः

- ❖ 20th United Nations Permanent Forum on Indigenous Issues सम्वन्धी 19 to 30 April 2021 को Session मा आयोगका माननीय अध्यक्षज्यूले सहभागिता जनाई आयोगको तर्फबाट Statement प्रस्तुत गर्नुभएको थियो । उक्त Statement अनुसूची १२ मा दिइएको छ ।
- ❖ समय समयमा विभिन्न मन्त्रालय/ आयोगहरुबाट आयोजित विभिन्न गोष्ठी/ बैठक आदिमा आयोगका माननीय अध्यक्षज्यू, माननीय सदस्यज्यूहरु र आयोगका सचिव र अधिकृतहरु सहभागी भई आयोगको धारणा प्रस्तुत गरिएको छ ।

- २०७८ असार २१ गते आदिवासी जनजाति आयोगका अध्यक्ष माननीय राम बहादुर थापामगर र नेपालका लागि अष्ट्रेलियाका राजदुत माहामहिम फेलिसिटि भोल्क बीच शिष्टाचार भेट तथा छलफल भयो । छलफलबाट नेपालका आदिवासि जनजाति समुदायको उत्थान बिकास तथा सशक्तीकरण गर्ने सम्बन्धमा आगामि दिनमा नेपाल र अष्ट्रेलिया बीच सहयोग र सहकार्य हुँदै जाने विश्वास लिइएको छ ।

***

# परिच्छेद् -७
## उजुरी तथा गुनासो व्यवस्थापन

आ.व. २०७७/०७८ मा उजुरी तथा गुनासोहरु लिखितरुपमा कम संख्यामा प्राप्त भएता पनि विभिन्न सञ्चार माध्यमबाट प्रकाशित समाचारहरु टेलिफोन लगायतका अनौपचारिक संचारमाध्यमहरुबाट प्राप्त सुझावका आधारमा आदिवासी जनजातिको हक, हित र अधिकार हनन् भएको भन्ने जानकारी प्राप्त भएको आधारमा  आयोगले त्यस्तो घटनाका वारेमा जानकारी लिने अध्ययन/अनुसन्धान गर्ने, अनुगमन गर्ने र सम्बन्धित निकायमा सुझाव दिने कार्य गर्दै आएको छ । यस आ.व मा प्राप्त उजुरी तथा गुनासाहरुलाई संवोधन गर्ने क्रममा भए गरेका मुख्य मुख्य कार्यहरु एवं तत् सम्बन्धमा आयोगको सुझाव निम्नानुसार रहेको छः

१. धनकुटा, भोजपुर र उदयपुर जिल्लाको सिमाना हुदै बग्ने सप्तकोशी नदिस्थित खुवालुङ ऐतिहासिक धार्मिक एवं पुरातात्विक महत्वको स्थल हो । उक्त क्षेत्रमा पानी जहाज सञ्चालन गर्दा खुवालुङलाई असर पर्न गई खुवालुङ नै नास हुन जाने संभावना रहेको र किराँत समुदायको परम्परागत धार्मिक पहिचानमा अवरोध पुगेको भनी विभिन्न दवाव समूहहरुबाट आवाज उठेपछि खुवालुङको संरक्षणको लागि आयोगले विशेष पहल गर्न माग/ गुनासाहरु प्राप्त भएकोमा आयोगका माननीय अध्यक्षज्यूको नेतृत्वमा गएको टोलीले मिति २०७७/१२/१९ गते उक्त स्थानको स्थलगत अनुगमन गरेको थियो ।

अनुगमनको क्रममा खुवालुङबारे किरांती समुदायमा बिभिन्न मिथक रहेको पाइयो । मुन्दुम अनुसार दक्षिणबाट उत्तर जाने क्रममा किरांती पुर्खाहरु खुवालुङ आईपुगे । प्राग्ऐतिहासिक कालमा खुवालुङ देखि उत्तरमा पबित्र भूमि थियो । उत्तर प्रवेश गर्न खुवालुङबाहेक अर्को बाटो थिएन । अपवित्र ब्यक्तिका लागि खुवालुङ खुल्दैनथ्यो । अपवित्र ब्यक्तिले कुनै जीवको आलो रगत चढाएर तन र मन शुद्ध पारी प्रायश्चित् गरेर बाटो मागेपछि मात्रै खुवालुङ खुल्थ्यो । किरांत भूमिमा अपवित्र कर्महरु वढ्दै गएपछि खुवालुङ नदिको भित्र लुप्त भएको मिथक रहेको पाइयो । किरांतीहरुको धार्मिक आस्थाको केन्द्रको रुपमा रहेको खुवालुङ – ख्वा/खुवा भन्नाले किराँती सभ्यता अनुसार बारम्बार र लुङ ले ढुङ्गालाई  जनाउछ । यो किराँती समुदायको धर्म, संस्कृति र मुन्दुम संग जोडिएको छ ।

सप्तकोशी नदिमा रहेको खुवालुङको संरक्षण गर्दै जल यातायातलाई वाधा नपुग्ने गरी त्यस क्षेत्रलाई सांस्कृतिक पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनु पर्ने, विकास निर्माणका कार्यहरु सञ्चालन गर्दा खुवालुङमा असर नपुग्ने गरी गर्नुपर्ने र हाल देखिएको खुवालुङ नास हुन सक्ने सम्भावित समस्यालाई बैकल्पिक उपायहरु अवलम्बन गरी संरक्षण गर्नुपर्ने, खुवालुङको समग्र विकास, संरक्षण र संवर्द्धन लागि बिकास समिति वा गुठीका रुपमा ब्यवस्थित गरिनु पर्ने भन्ने स्थानीयहरुको माग रहेको पाइयो । खुवालुङको रुपमा रहेको ढुंगाको कारण सप्तकोशी जलमार्गमा उत्पन्न भैरहेको अवरोधलाई हटाउनका लागि नदिको बहाबलाई परिवर्तन गर्न सकिने विकल्प रहेको देखिएकोले सोही अनुरुप प्रदेश र स्थानीय सरकारले आवश्यक पहल गर्नु पर्ने देखिएको छ ।

२. सुर्खेत जिल्लामा राउटे समुदायका युवतीहरु माथि यौन दुर्व्यवहार भएकोले पीडितलाई न्याय दिलाउन र दोषीलाई कारबाही गर्नको लागि आयोगले पहल गर्नुपर्ने भन्ने माग/ गुनासाहरु र विभिन्न संचारमाध्यमहरुबाट प्रकाशित एवं प्रशारित समाचारलाई संवोधन गर्न आयोगका माननीय सदस्य रीना रानाज्यूको नेतृत्वमा मिति २०७८/०२/३० देखि २०७८/०३/०४ सम्म खटिएको टोलीले उक्त घटनाको स्थलगत अध्ययन/ अनुगमन गरेको थियो । स्थलगत अनुगमन र अध्ययनबाट टोलीले निम्न अनुसारका अवस्था र गरिनु पर्ने सुधारका उपायहरु रहेको निष्कर्ष निकालेको थियो ।

- ❖ राउटेहरु विद्यमान अवस्थामा नै रहने हो भने केही वर्ष पछि लोप हुने सम्भावना देखिएको हुँदा संरक्षण गर्ने स्पष्ट नीति आवश्यक रहेको छ । राउटे सभ्यता निर्माण र संरक्षण गर्नु पर्ने देखिन्छ । यो राउटे वस्ती आदिवासी समुदायको भरपर्दो जीवित संग्राहलय बन्न सक्दछ
- ❖ राउटे संरक्षण केन्द्रको रूपमा आरक्षण क्षेत्र निर्धारण गरी राउटे सस्कृतिमा दखल नगरी भित्र रहेर आवास संरचना निर्माण गरी बसोबास सहज बनाउनु पर्ने देखिन्छ । राउटे आरक्षण क्षेत्रभित्र नै उनीहरुको शिक्षा, दिक्षा र परम्परागत सीपको संरक्षण गर्दै आय मूलक कार्यक्रम बनाउनु पर्ने देखिन्छ । राउटे वस्तीलाई पूर्णरुपमा वाह्य समुदायको प्रवेश र हस्तक्षेप निषेध गरिनु पर्ने देखिन्छ ।
- ❖ राउटे समुदायसँग मित्रता कायम गर्न राउटे बस्तीमा गई मुखियाहरुसंग प्रत्यक्ष भेटघाट गरी उनीहरुलाई व्यवस्थित बसोवास र स्थायी बसोवासको लागि सहमत बनाई आवश्यक नीति,

निर्माण र कार्यान्वयनको पहल गर्नु पर्ने देखिन्छ । राउटे सभ्यता र संरक्षणको बृहत योजना निर्माण गरी कार्यान्वयन गर्नु जरुरी छ । यही अवस्थामा छोड्ने हो भने केही वर्ष पछि राउटे जाति एउटा दन्ते कथा बन्न सक्छ ।

३. उदयपुरको वेलका नगरपालिकाको कोशी उकासको जग्गा र सो जग्गामा बसोबास गर्ने आदिवासी जनजाति लगायतका स्थानीय वासिन्दाहरु र रौतहटको चन्द्रपुर नगरपालिका २ स्थित दनुवार वस्तीको आयोगका माननीय अध्यक्ष राम बहादुर थापामगरज्यूको नेतृत्वमा माननीय सदस्य शरण राईज्यू र माननीय सदस्य सुर्य बहादुर गुरुङज्यू सहितको टोलीले मिति २०७८/०३/२५ देखि २०७८/०३/३० सम्म स्थलगत अनुगमन तथा स्थानीय तहका जनप्रतिनिधि, राजनीतिक दल, आदिवासी जनजाति संघसंस्थाका प्रतिनिधिहरु र पीडित समुदायसंग छलफल तथा अन्तर्किया गरेको थियो ।

* * *

# परिच्छेद् -८
# समस्या र चुनौती

## ८.१ समस्या तथा चुनौतीः

### ८.१.१ नीतिगतः

- आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७(ड) मा आदिवासी जनजाति समुदायको हक अधिकार उल्लंघन भएको अवस्थामा अधिकार उल्लंघन गर्ने व्यक्ति वा संस्था विरुद्ध उजुरी लिई सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने व्यवस्था छ । छानविन तथा तहकिकात गर्न सिफारिस मात्र गर्ने व्यवस्थाले त्यस्ता उजुरीहरु आयोगमा प्राप्त नहुने र प्राप्त भएका उजुरीहरु उपर अध्ययन अनुसन्धान गरिए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको अवस्था छ ।
- आदिवासी जनजाति आयोग ऐन, २०७४ जारी हुँदा विशिष्ट श्रेणीको कर्मचारी आयोगको सचिव हुने व्यवस्था भएकोमा उक्त ऐन पूर्णरुपमा कार्यान्वयनमा आउन नपाउदै संशोधन भई राजपत्रांकित प्रथम श्रेणीको कर्मचारी आयोगको सचिव हुने व्यवस्था गरिएको छ । यसले प्रशासनिक विशेषज्ञता तथा राय सुझाव लिन र आयोगको कार्यसम्पादनलाई प्रभावकारी बनाउन जटिलता थपिएको छ ।
- अन्तर्राष्ट्रिय श्रम सम्बन्धी महासन्धि (आइ.एल.ओ.) नं १६९, आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र (UNDRIP) र जैविक विविधता सम्बन्धी महासन्धिलाई नेपाल सरकारले अनुमोदन गरिसकेको भए पनि त्यसमा व्यवस्था भएका आदिवासी जनजातिको अधिकारलाई कार्यान्वयन गर्न सो सम्बन्धी आवश्यक कानून निर्माण हुन नसकेकोले आदिवासी जनजाति समुदायको अन्तराष्ट्रिय मानव अधिकारलाई प्रबर्द्धन गर्न कठिनाई भएको छ ।
- आदिवासी जनजातिको परिभाषा गर्न र सुचिकृतको लागि सरकारलाई सिफारिस गर्नपर्ने कार्य कठिन भएकोले यसलाई सहज वनाउन कठिनाइ छ ।

### ८.१.२ संस्थागतः

- आयोगको आफ्नै भवन नहुँदा आयोगको दैनिक प्रशासनिक कामकाज गर्न, अभिलेख व्यवस्थापन गर्न तथा कर्मचारीहरुलाई उपयुक्त वातावरणमा काम गर्ने व्यवस्था गर्न र सेवा लिन आउने सेवाग्राहीलाई सेवा प्रदान गर्न कठिनाई भएको छ । आदिवासी जनजाति आयोगको प्रदेशस्तरीय र स्थानीय तहहरुसंग सन्निकटमा रही आदिवासी जनजाति समुदायको यथार्थ समस्या पहिचान गरी समाधानका लागि प्रयास गर्न कठिनाई भइरहेको छ ।
- आयोगका कर्मचारीहरुमा दक्षता अभिबृद्धि गरी आदिवासी जनजाति समुदायमैत्री प्रशासन सञ्चालन गर्न र आयोगका कामकारबाहीमा प्रभावकारिता ल्याउनु अर्को समस्या तथा चुनौती रहेको छ ।

### ८.१.३ स्रोत साधनगतः

- आयोग प्रति आदिवासी जनजाति समुदायकहरुको धेरै अपेक्षा छ । सीमित स्रोत साधन, आयोगको सांगठनिक प्रकृति अनुरुप दक्ष र पर्याप्त जनशक्तिको अभावको कारण समुदायले अपेक्षा गरे अनुसारका कामकारबाही सञ्चालन गर्न चुनौतीपूर्ण रहेको छ ।
- आयोगको वार्षिक बजेटमा कार्यक्रम खर्च शीर्षकमा बजेटको व्यवस्था नहुँदा आयोगले लिएको लक्ष्य तथा उद्देश्य पूरा गर्न र आदिवासी जनजाति समुदायको अपेक्षा पूरा गर्न कठिनाई भएको छ । आयोगको काम कर्तव्य र अधिकार बमोजिम आयोगको काम कारवाहीलाई राष्ट्रिय बजेटमा प्राथमिकता पाउने गरी स्रोतको व्यवस्था गर्न चुनौती देखिएको छ ।
- आदिवासी जनजातिहरुको गौरवमय इतिहास र संस्कृतिको पहिचान, हक हितको संरक्षण तथा संबर्द्धन गर्न तथा आदिवासी जनजातिको सशक्तीकरण गर्न, उद्गमस्थलहरुको खोज, मूर्त तथा अमूर्त संस्कृतिहरुको संरक्षण गर्दै विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने लगायतका कार्यहरु गर्न आर्थिक स्रोतको अभावका कारण समस्या भएको छ ।

**८.१.४ अन्यः**

- ❖ आदिवासी जनजाति समुदायको हक हित र अधिकारको संरक्षण तथा संबर्द्धन गर्न नेपाल सरकारका तीनै तहमा नीतिगत तथा संस्थागत र कार्यक्रमगत मूलप्रवाहीकरण गर्न र सरकारी तथा गैरसरकारी तवरबाट हुने आदिवासी जनजाति समुदाय लक्षित कार्यक्रमहरुमा एकरुपता ल्याउन र दोहोरोपना हुन नदिने चुनौती रहेको छ ।
- ❖ राउटे, कुसुण्डा लगायत लोपन्मुख आदिवासी समुदायलाई सामाजिकीकरण गरी उनीहरुको गास, वास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारी र ब्यवस्थित वसोवासको व्यवस्था गर्न चुनौतीपूर्ण रहेको छ ।

***

# परिच्छेद् -९

## सिफारिस र भावी कार्यदिशा

### ९.१ सिफारिसः

(१) समावेशी चरित्रको राष्ट्रिय सभामा आदिवासी जनजातिको प्रतिनिधित्व सुनिश्चित नगरिएकोले संविधान तथा सम्बन्धित कानूनको संसोधन गरी प्रतिनिधित्व सुनिश्चित गराउने ।

(२) व्यवस्थापिकामा सांसदको निर्वाचन तथा छनौट (कार्यपालिका, न्यायपालिका, संवैधानिक निकाय र राजदूतहरुको सिफारिस) मा आदिवासी जनजातिको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गराउन संविधानको संशोधन र कानूनको निर्माण गर्ने ।

(३) प्रतिनिधि सभा र प्रदेश सभामा समानुपातिक उम्मेदवारको बन्द सूचीमा आदिवासी जनजाति प्रतिनिधि अनिवार्यताको साथै उम्मेदवारहरुको प्रथामिकताक्रम निर्धारणमा नै आदिवासी जनजाति जनसंख्या अनुपातको प्रतिनिधित्व सुनिश्चित हुने गरी प्रथामिकता क्रम निर्धारण गर्ने कानुनी प्रबन्ध मिलाउने ।

(४) संविधानको धारा २२२ र २२३ अनुसार गठन हुने गाउँसभा र नगरसभामा आदिवासी जनजातिको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्न हरेक वडामा महिला सहित २ सदस्य आदिवासी जनजातिको प्रतिनिधित्व सुनिश्चित गर्न र जिल्ला समन्वय समितिमा प्रतिनिधित्व सुनिश्चित गर्न संविधान संशोधन गरी कानून निर्माण गर्नुपर्ने ।

(५) संविधानको धारा ३२ अनुसार मातृभाषामा शिक्षा, सरकारी कामकाजको माध्यम भाषा र सूचना प्राप्त गर्ने आदिवासी जनजातिको अधिकार कार्यान्वयन गरी आदिवासी जनजातिलाई मातृभाषाको हक दिलाउने ।

(६) संविधानको धारा ५६(६) ले व्यवस्था गरेको संघीय कानून बमोजिम आदिवासी जनजातिको सामाजिक सांस्कृतिक संरक्षण, विशेष संरक्षित, स्वायत्त क्षेत्र हालसम्म व्यवस्था नभएकोले यथासिघ्र कानून निर्माण गरी कार्यान्वयन गराउने ।

(७) आदिवासी जनजाति आयोग ऐन २०७४ को दफा ७ मा व्यवस्था भएको आयोगको काम, कर्तव्य र अधिकार संवैधानिक नभई सरकारी निकायको जस्तो भएकोले अधिकार सम्पन्न गराउन आदिवासी जनजातिको अधिकार संरक्षणको लागि उजुरी लिने, अनुसन्धान गर्ने र सम्बन्धित अड्डा अदालतमा मुद्दा दायर गर्ने आयोगलाई अधिकार हुने गरी हालको कानूनमा भएको व्यवस्था संशोधन गर्ने ।

(८) आदिवासी जनजाति आयोग ऐन २०७४ को दफा १८ अनुसार आयोगको संगठनात्मक संरचना आयोगले तयार तथा संशोधन गरे अनुसार हुने गरी आयोगको सहमतिमा विशिष्ट श्रेणीको कर्मचारी सरकारले पठाउने र अन्य कर्मचारी आवश्यकता अनुसार आयोग आफैले नियुक्त गर्ने गरी विद्यमान ऐन संशोधन गर्ने ।

(९) अन्तर्राष्ट्रिय श्रम सम्बन्धी महासन्धि (आइ.एल.ओ.) नं १६९, आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, जैवीक विविधता सम्बन्धी महासन्धि लगायतले व्यवस्था गरेको आदिवासी जनजातिको अधिकारलाई कार्यान्वयन गर्न आवश्यक कानून र कार्य योजना निर्माण गर्ने ।

(१०) उदयपुर, धनकुटा, खोटाङ, सुनसरी र भोजपुरको सिमानामा अवस्थित किराँती समुदायको धार्मिक तथा साँस्कृतिक प्रतीक खुवालुङ लगायतका आदिवासी जनजातिका सांस्कृतिक सम्पदालाई अवरोध होइन विकाशको रुपमा लिई साँस्कृतिक, धार्मिक तथा पर्यटकीय विकास गर्न कानूनको निर्माण गर्ने ।

(११) पुस्तौं पुस्तादेखि अर्काको भनिएको ऐलानी जग्गामा वस्दै आएका र जग्गा धनीबाट विभिन्न प्रकारको यातना खेपिरहेका रौतहट जिल्ला, चन्द्रपुर नगरपालिका वडा नं २ मा अवस्थित दनुवारहरु जस्ता देश भरका भूमिहीन आदिवासी जनजाति समुदायलाई आवासको लागि भूमिको व्यवस्था गर्ने ।

(१२) उदयपुर जिल्लाको बेलका नगरपालिकाको कोशी टप्पुका आदिवासी जनजाति तथा स्थानीय समुदायले प्रयोग गर्दै आएको जग्गा सरकारले उनिहरुको मञ्जुरी विना व्यापारी संस्थालाई लामो समयको लागि भाडामा दिने निर्णयले आदिवासी जनजातिको

"स्वतन्त्र,पूर्व सुसूचीत र सहमतिको अधिकार" हनन् भएकोले सम्झौता रद्ध गरी समुदायको सहमति अनुसार गर्ने ।

(१३) आदिवासी जनजातिको परम्परागत संस्था (गुथी, बडघर, भेजा आदि) लाई मान्यता नदिदा परम्परागत संस्थाको लोप भई आदिवासी जनजातिको पहिचान संकटमा परेकोले यी संस्थाको संरक्षण र प्रवर्द्धन गर्ने कानून बनाउने ।

(१४) घरेलु मदिरा जस्ता आदिवासी जनजातिको परम्परागत ज्ञान र सीपबाट गरिएको उत्पदनलाई व्यवसायिक बनाई बजारीकरण गर्न सम्बन्धित कानूनको संशोधन र आवश्यक कानूनको तर्जुमा गर्ने ।

(१५) विकास र उद्योगको नाउमा आदिवासी जनजातिको ऐतिहासिक भूमिलाई स्वतन्त्र पूर्वसूचीत सहमति बिना राज्यले लोकमार्ग, हाइड्रोपावर र सार्वजनिक भवन जस्ता पूर्वाधार निर्माण गरी आदिवासी जनजातिलाई विस्थापित गरेकोले यस्तो कार्यलाई तुरुन्तै रोकी उनीहरुको अधिकार सुनिश्चित गर्न आवश्यक कानून निर्माण गर्ने ।

(१६) राउटे, कुसुण्डा लगायत लोपोन्मुख आदिवासी जनजातिलाई निःशुल्क स्वास्थ्य, शिक्षा र रोजगारीको व्यवस्था  सुनिश्चित गरी उनिहरुलाई संरक्षण गर्ने ।

(१७) आदिवासी जनजाति आयोगको पदाधिकारीको नियुक्ति, कार्यबाही र आवश्यक कार्य संवैधानिक परिषद्वारा हुने र परिषद्को अध्यक्ष प्रधानमन्त्री हुने संवैधानिक व्यवस्था भएकोले आयोग र सरकारको सम्पर्क कार्यालय प्रधानमन्त्रीको कार्यालय हुने व्यवस्था गर्ने ।

(१८) आदिवासी जनजाति सम्बन्धी अध्ययनको लागि विद्यालयदेखि विश्व विद्यालयसम्म पाठ्क्रम तयार गरी लागु गर्ने ।

(१९) विगतमा सवै तहका सरकारले कूल वजेटको ३५ प्रतिशत बजेट लक्षित समुदायलाई छुटयाउने व्यवस्था हाल कार्यन्वयनमा नभएको र उक्त वजेट लक्षित समुदायको उत्थानका लागि आवश्यक हुने भएकोले त्यसलाई निरन्तरता दिने ।

(२०) चाँड पर्वको विदा सवै समुदायलाई समान बनाउन आफ्नो आफ्नो पर्वमा मात्रै विदा दिने ।

(२१) आदिवासी जनजाति पहिचानको प्रमाणीकरण आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले मात्रै गर्न पाउने गरी आवश्यक व्यवस्था गर्ने ।

(२२) आदिवासी जनजाति पहिचान र संरक्षणको लागि केन्द्र, प्रदेश र स्थानीय तहमा संग्रहालयको व्यवस्था गर्ने ।

**९.२ भावी कार्यदिशाः**

आदिवासी जनजाति आयोगले आयोगमा पदाधिकारीहरु बहाली भएसंगै पाँच बर्षको लागि कार्ययोजना तय गरी सोही बमोजिम अगाडि बढेको छ । योजना अनुसार आ.व.२०७७/७८ मा केही कार्यक्रमहरु सम्पन्न गरियो । कोभिड १९ को समस्याले गर्दा आयोगले तय गरेका कार्यक्रमहरु सञ्चालन गर्न सकिएन । आयोगको भावी कार्यदिशा निम्न बमोजिम रहेको छः

(क) नेपालको संविधानको मर्म र भावना तथा आदिवासी जनजाति आयोग ऐन, २०७४ का उद्देश्य हाँसिल गर्न पञ्चवर्षीय रणनैतिक योजना बनाई तदनुरुप कार्यान्वयन गर्दै लगिने छ ।

(ख) आयोगको आफ्नै भवन नहुँदा दैनिक प्रशासनिक कामकाज गर्न, अभिलेख व्यवस्थापन गर्न तथा कर्मचारीहरुलाई उपयुक्त वातावरणमा काम गर्ने व्यवस्था गर्न र सेवा लिन आउने सेवाग्राहीलाई प्रभावकारी सेवा प्रदान गर्न केन्द्र देखि स्थानीय पालिका सम्म आफ्नै भवन तथा सम्पर्क कार्यालयको ब्यवस्थापन गरी सहज पहुँच वनाइनेछ ।

(ग) आयोगको वर्तमान संगठन संरचना परिवर्तन गरी आयोगले प्रस्ताव गरे अनुसार हुने ब्यवस्था मिलाइने छ । आयोगमा कर्मचारी व्यवस्थापन गर्दा आयोगको सहमतिमा विशिष्ट श्रेणीको कर्मचारी आयोगको सचिव र लेखा अधिकृत नेपाल सरकारले खटाउने र अन्य कर्मचारी आवश्यकता अनुसार आयोग आफैले नियुक्त गर्ने गरी विद्यमान ऐन संसोधन गर्न पहल गरिने छ ।

(घ) आयोगको अभिलेखालय, पुस्तकालय र आदिवासी जनजाति सम्वन्धी जीवित संग्रहालयको स्थापना गरिने छ ।

(ङ) आयोगको काम कर्तब्य र अधिकार तथा आदिवासी जनजातिको हकहितको संवर्धन र संरक्षणका लागि ७७ वटा जिल्लाकै पालिकाहरु र सरोकारवालाहरु संग निरनतर छलफल तथा अन्तर्क्रिया गरीने छ ।

(च) आदिवासी जनजाति समुदायसँग सम्बन्धित खण्डिकृत तथ्यांक सकलन गरिने छ । आदिवासी जनजाति समुदायमाथि भएको सबै प्रकारका विभेदहरुको बारेमा अध्ययन अनुसन्धान कार्यलाई सशक्त बनाउन नीतिगत परिमार्जन तथा स्रोत साधनको उपलब्धता सुनिश्चताका लागि पहल गरिने छ ।

(छ) आदिवासी जनजातिसँग सम्बन्धित कानून र अन्तराष्ट्रिय सन्धि सम्झौताले व्यवस्था गरेका प्रावधानहरुको कार्यान्वयनको अवस्थाको बारेमा अवधारणा पत्र तयार भएको छ । अवको दिनमा उक्त विषयमा विस्तृतरुपमा विश्लेषणात्मक ढङ्गबाट अध्ययन गरी कार्यान्वयनमा ल्याइने छ ।

(ज) आदिवासी जनजाति समुदायको हक हितको संरक्षण, सम्वर्द्धन र सशक्तिकरणको लागि नेपाल सरकार र अन्य संघ संस्थाले सञ्चालन गरेको चेतनामूलक कार्यक्रमको समीक्षा, अनुगमन र मूल्याङ्कन गर्ने र नेपाल सरकारका सबै तहहरुलाई शासन ब्यवस्था, विकास र सेवा प्रवाहमा आदिवासी जनजाति समुदायको सहभागिता सुनिश्चत गर्न आदिवासी जनजातिमैत्री नीति तथा योजना र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न सुझाव सहित सिफारिस गरिने छ ।

(झ) आदिवासी जनजाति सम्बन्धी लोक संस्कृतिको संरक्षण र सम्वर्द्धनको लागि नीतिको तर्जुमा गर्ने र कार्यान्वयनको लागि सरकारलाई सिफारिस गर्ने । यसका लागि विभिन्न गैरसरकारी संघसंस्थाहरुसँग सहकार्य गर्दै अघि बढिने छ ।

(ञ) आदिवासी जनजाति माथि हुने र भएका विभेदहरुको उजुरी तथा गुनासाहरु संकलन गरी उजुरी तथा गुनासाहरुलाई सम्बोधन गरिने छ ।

(ट) आदिवासी जनजातिको हक, हित, अधिकार र पहिचानका नयाँ आयमहरुको अध्ययन/अनुसन्धान गरी कार्यान्वयनमा ल्याइनेछ । यसका लागि सहभागितामूलक

पद्धतिलाई आत्मसात गर्दै आयोगले विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय सरोकारवाला संघसंस्थाहरुसँग समन्वय गरी आयोग अगाडि बढ्ने छ ।

(ठ) आयोगले गरेका सवै काम र परिणामको दस्तावेजीकरण तथा प्रकाशन गरिने छ ।

(ड) आयोगको सिफारिसलाई सुझावात्मक होइन निर्देशनात्मक वनाइनेछ ।

(ढ) वर्षभरिमा आदिवासी जनजातिका अधिकारहरु उलंघन भएको घटनाहरुलाई संलग्न गरी सो को विवरण वार्षिकरुपमा प्रकाशन गरी राज्यलाई खवरदारी गरिनेछ ।

(ण) राज्यको नीतिनिर्माण र कार्यान्वयनका निकायहरुमा आदिवासी जनजातिको समानुपातिक प्रतिनिधित्वको अवस्था अध्ययन गरिनेछ र प्रतिनिधित्वको सुनिश्चितताका लागि पहल गरिने छ ।

(त) आदिवासी जनजातिको समग्र अवस्थाको अध्ययन गरी आवश्यक नीती निर्माणमा पहल गरिने छ ।

***

## अनुसूची १

### सूचिकृत आदिवासी जनजाति समुदायको जनसंख्या, मातृभाषा, मुख्य बसोबास क्षेत्र र समूह

| | क्र. सं. | आदिवासी जनजाति | जनसंख्या | मातृभाषा | प्रमुख बसोबास क्षेत्र | समूह |
|---|---|---|---|---|---|---|
| हिमाली क्षेत्रका आदिवासी जनजातिहरु | १ | छैरोतन (अज्ञात) | | | | |
| | २ | डोल्पो | ४,१०७ | १,६६७ | डोल्पा | सिमान्तकृत |
| | ३ | ताङ्वे | | | मनाङ | सुविधा वञ्चित |
| | ४ | तोप्केगोला | १,५२३ | | ताप्लेजुङ्ग र संखुवासभा | सिमान्तकृत |
| | ५ | थुदाम | | | ताप्लेजुङ | अति सिमान्तकृत |
| | ६ | थकाली | १३,२१५ | ५,२४२ | मुस्ताङ | उन्नत |
| | ७ | तीनगाउँले थकाली | | | मुस्ताङ | सुविधा बञ्चित |
| | ८ | बाह्रगाउँले | | | मुस्ताङ | सुविधा बञ्चित |
| | ९ | मार्फाली थकाली | | | मुस्ताङ | सुविधा बञ्चित |
| | १० | वालुङ | १,२४९ | १,१६९ | ताप्लेजुङ्ग र संखुवासभा | सिमान्तकृत |
| | ११ | व्यासी | ३,८९५ | ४८० | दार्चुला र हुम्ला | सुविधा बञ्चित |
| | १२ | भोटे | १३,३९७ | | बाजुरा, संखुवासभा, सोलुखुम्बू, मनाङ, डोल्पा | सिमान्तकृत |
| | १३ | मुगाली | | | मुगु | सिमान्तकृत |
| | १४ | लार्के | | | गोर्खा | सिमान्तकृत |
| | १५ | ल्होपा | २,६२४ | ३,०२९ | मुस्ताङ | सिमान्तकृत |
| | १६ | ल्होमी (शिङ्सावा) | १,६१४ | ८०८ | संखुवासभा | अति सिमान्तकृत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | १७ | शेर्पा | ११२९४६ | ११४,८३० | सोलुखुम्बू, दोलखा, ताप्लेजुङ, सिन्धुपाल्चोक, संखुवासभा | सुविधा बञ्चित |
| | १८ | सियार | | | धादिङ | अति सिमान्तकृत |
| पहाडी क्षेत्रका आदिवासी जनजातिहरू | १९ | कुसुण्डा | २७३ | २८ | दाङ, प्यूठान, सुर्खेत, कास्की, तनहूँ, गोर्खा, चितवन | लोपोन्मुख |
| | २० | गुरुङ | ५२२,६४१ | ३२५,६२२ | गण्डकी प्रदेश | सुविधा बञ्चित |
| | २१ | चेपाङ (प्रजा) | ६८,३९९ | ४८,४७६ | चितवन, मकवानपुर, धादिङ, गोर्खा | अति सिमान्तकृत |
| | २२ | छन्त्याल | ११,८१० | ४,२८३ | म्याग्दी र वागलुङ | सुविधा बञ्चित |
| | २३ | जिरेल | ५,७७४ | ४,८२९ | दोलखा र रामेछाप | सुविधा बञ्चित |
| | २४ | तामाङ | १,५३९,८३० | १,३५३,३११ | वागमती प्रदेश, गोर्खा, मुस्ताङ, मुगु, हुम्ला, दोलखा | सिमान्तकृत |
| | २५ | थामी | २८,६७१ | २३,१५१ | दोलखा र सिन्धुपाल्चोक | अति सिमान्तकृत |
| | २६ | दुरा | ५,३९४ | २,१५६ | लमजुङ, तनहूँ, कास्की | सिमान्तकृत |
| | २७ | नेवार | १,३२१,९३३ | ८४६,५५७ | काठमाडौं उपत्यका, धादिङ, काभ्रे, रामेछाप | उन्नत |
| | २८ | पहरी | १३,६१५ | ३,४५८ | सिन्धुली र मकवानपुर | सिमान्तकृत |
| | २९ | फ्री (अज्ञात) | | | | |
| | ३० | बनकरिया | | ६९ | मकवानपुर | लोपोन्मुख |
| | ३१ | बरामो (बराम) | ८,१४० | १५५ | गोर्खा | अति सिमान्तकृत |
| | ३२ | भुजेल | ११८,६५० | २१,७१५ | तनहूँ, स्याङ्जा, धादिङ, रामेछाप | सिमान्तकृत |
| | ३३ | मगर | १,८८७,७३३ | ८१६,४९४ | गण्डकी र लुम्विनी प्रदेश, डोल्पा, जाजरकोट,सल्यान, कैलाली, सुर्खेत, उदयपुर | सुविधा बञ्चित |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ३४ | याक्खा | २४,३३६ | १९,५५८ | संखुवासभा | सुविधा बञ्चित |
| | ३५ | राई | ६२०,००४ | १५९,११४ | खोटाङ, भोजपुर, धनकुटा, इलाम, सोलुखुम्बू, ताप्लेजुङ, संखुवासभा | सुविधा बञ्चित |
| | ३६ | राउटे | ६१८ | ४६१ | डडेलधुरा, कञ्चनपुर, सल्यान | लोपोन्मुख |
| | ३७ | लिम्बू | ३८७,३०० | ३४३,६०३ | ताप्लेजुङ, पाँचथर, तेह्रथुम, इलाम, मोरङ, झापा, धनकुटा, संखुवासभा, सुनसरी | सुविधा बञ्चित |
| | ३८ | लेप्चा | ३,४४५ | ७,४९९ | इलाम, झापा, संखुवासभा | लोपोन्मुख |
| | ३९ | सुनुवार (कोइँच) | ५५,७१२ | ३७,८९८ | रामेछाप, ओखलढुंगा, सिन्धुली, उदयपुर, दोलखा | सिमान्तकृत |
| | ४० | सुरेल | | २८७ | दोलखा | लोपोन्मुख |
| | ४१ | हायु | २,९२५ | १,५२० | सिन्धुली र रामेछाप | लोपोन्मुख |
| | ४२ | ह्योल्मो | १०,७५२ | १०,१७६ | सिन्धुपाल्चोक, नुवाकोट | सुविधा बञ्चित |
| भित्रि मधेशका आदिवासी जनजातिहरु | ४३ | कुमाल | १२१,१९६ | १२,२२२ | बाँके, दाङ, नवलपरासी, गोर्खा, गुल्मी, अर्घाखाँची, तनहूँ, पाल्पा, धादिङ | सिमान्तकृत |
| | ४४ | दनुवार | ८४,११५ | ४५,८२१ | सिन्धुली, उदयपुर र काभ्रे | अति सिमान्तकृत |
| | ४५ | दराई | १६,७८९ | ११,६७७ | चितवन, नवलपरासी, तनहूँ | सिमान्तकृत |
| | ४६ | बोटे | १०,३९७ | ८,७६६ | चितवन, नवलपरासी, उदयपुर, दाङ, तनहूँ | अति सिमान्तकृत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ४७ | माझी | ८३,७२७ | २४,४२२ | सिन्धुली, मकवानपुर, काभ्रे, रामेछाप, सिन्धुपाल्चोक | अति सिमान्तकृत |
| | ४८ | राझी/राजी | ४,२३५ | ३,७५८ | कैलाली, सुर्खेत र बर्दिया | लोपोन्मुख |
| तराईका आदिवासी जनजातिहरू | ४९ | किसान | १,७३९ | १,१७८ | झापा | लोपोन्मुख |
| | ५० | कुशवाडिया (पत्थरकट्टा) | ३,१८२ | | झापा, मोरङ, कपिलवस्तु, रुपन्देही, नवलपरासी | लोपोन्मुख |
| | ५१ | गनगाई | ३६,९८८ | ३,६१२ | मोरङ र झापा | सिमान्तकृत |
| | ५२ | झाँगड (उराँव) | ३७,४२४ | ३३,६५१ | सुनसरी र मोरङ | अति सिमान्तकृत |
| | ५३ | ताजपुरिया | १९,२१३ | १८,८११ | झापा र मोरङ | सिमान्तकृत |
